साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४३ अंक १३ २०८१ कार्तिक १३ गते मंगलबार (Oct. 29, 2024) मूल्य रू. १०/-


## एसपीपीमा ओली चुकिसके

आइतवारदेखि नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड सडक आन्दोलनको नेतृत्व लिएर अगाडि बढेका छन् । उनले पटक पटक भनेका छन्- मलाई राउण्ड किक हाने भन्ने ओलीले अब देख्नेछन्- जनताले हानेको राउड किक ।




मनलागी संविधान संशोधन गर्ने हैसियत छैन भन्दै प्रचण्डले सडकबाट भनेका छन्- एमसीसीमात्र होइन, केपी ओली एसपीपीमा पनि चुकिसकेका छन् । चुनाव उठ्न र जित्न नसक्ने तर प्रचण्डका टेकोको रूपमा रहेका नारायणकाजी श्रेष्ठले आफ्नै अध्यक्षको दावीलाई काटेका छन् । किन दुई नेतावीच कुरा बाझ्यो ? यथार्थ के हो ? यो जिज्ञासा मेटिन जरूरी छ र आमनागरिकले एमसीसी, एसपीपीका सम्बन्धमा जानकारी पाउनुपर्छ । सरकारले यसबारे मुख खोल्नुपर्छ ।

## दैनिक २० आत्महत्या

नेपाल प्रहरी भन्छ- दैनिक २० जनाले आत्महत्या गर्छन् । कुनै कुनै महिना यो संख्या दोब्बरभन्दा बढी हुन्छ ।

रोजगारी नहुनु, राहत नपाउनु, लालाबाला पाल्न नसक्नु, कुनै सहारा नै नभएपछि आत्महत्याको बिकल्प रहँदैन, अनि नागरिकहरू आत्महत्या गर्छन् ।

किन आत्महत्या बढीरहेको छ, सरकारले कुनै अध्ययन गरेको छैन, बढ्दो आत्महत्या रोक्ने उपाय पनि सोचेको देखिदैन । लोकतन्त्र जंगलराज नै भयो ।

## सरकार ढाल्न आन्दोलन

प्रतिपक्षीहरू एक भएर सडक आन्दोलनमा लागेका छन् । माओवादी खस्कियो भन्नेहरूले आइतवार जुन अपार भीड सडकमा उतार्‍यो, त्यसबाट माओवादी कमजोर भइसकेको छैन भन्ने देखिन्छ । यो अपार भीड देखेर माओवादी अध्यक्ष प्रचण्डले घोषणा गरे- एमाले कांग्रेससँग मिलेर अघि बढ्दा झण्डै झण्डै प्रतिगामी भइसकिएछ । अब २०८४ को आम निर्वाचन एक्लै लड्ने र बहुमत ल्याएर देखाइनेछ । यसरी उद्घोष गर्दा कार्यकर्ताले ताली बजाएका थिए ।

सडकमा राप्रपाको आन्दोलन छ, दुर्गा प्रसाईले मंसिर ७ लाई अन्तिम आन्दोलन भनेका छन् । राष्ट्रिय शक्तिका केशर बहादुर बिष्ट पनि शक्ति सञ्चय गर्दैछन् । रास्वपाका नेता कार्यकर्ता त आफ्ना सभापतिलाई फसाउन खोज्ने भनेर सडकमा ब्यापक प्रदर्शन गरिरहेका छन् । सत्तारूढ सडकबाट न्याय पाइने होइन, अदालतले न्याय दिने भनिरहे पनि रास्वपाले दबाब बढाउँदै लगेको छ । रास्वपाका पक्षमा जुन तरिकाले जनलहर उर्लिएको छ, त्यो आश्चर्यको विषय हो ।

# भारत पाकवीच आइसब्रेक भयो

भारत-पाकिस्तान सम्बन्ध : साह्रै चिस्सिएको अवस्थामा थियो । लामो समयपछि सांघाइ कोअपरेशन संगठनको सेमिनार पाकिस्तानले आयोजना गर्‍यो । जुन सेमिनारमा भारतका विदेश मन्त्री सामेल भएका थिए ।

भारतकै कारण ९ वर्षदेखि सार्कमा पानी बाराबार भएको भारत पाकिस्तान सम्बन्ध चीनका कारणले यसपल्ट पाकिस्तानमा सामान्य बोलचाल भयो ।

कार्तिक ३, २०८१ । यो संगठनको मुख्या उद्देश्य भनेकै क्षेत्रीय सुरक्षा मुद्दा, आतंकवाद, जातीय पृथकतावाद र धार्मिक अतिवादविरूद्धको लडाइँदेखि क्षेत्रीय विकासमा केन्द्रित भई गठित एससीओमा चीन, रूसजस्ता शक्तिशाली राष्ट्र पनि भएकाले भारत र पाकिस्तानवीच भेटवार्ता भयो । यो भेटलाई धेरैले आइसब्रेक भनेका छन् भने भारतको एटिच्यूड जुन देखियो, त्यसबाट फेरि पनि ब्रेक फेलकै अवस्था छ ।

भारतमा मोदीका दाहिना हात मानिएका विदेश मन्त्री एस जयशंकरलाई भारतको चाणक्य भन्छि । जय शंकरले अन दी वे भनेका थिए- क्षेत्रीय संगठनको बैठकमा सहभागिता मात्र उद्देश्य रहेको भनेका थिए, आखिरमा त्यस्तै भयो पनि । भारत र पाकवीच द्विपक्षीय विषयमा कुराकानी भएन । पाकिस्तानले सांघाई कोअपरेसन अर्गनाइजेसन (एससीओ) को २३ औं बैठकको आयोजना भारतसँग वार्ताकै लागि गरेको थियो । बैठकमा चीनका प्रधानमन्त्री ली छयाङ, बेलारूसका प्रधानमन्त्री रोमन गोलोभचेन्को, काजाकिस्तानका प्रधानमन्त्री ओल्जास बेक्तेनोभ, रूसका प्रधानमन्त्री मिखाइल मिसुस्टिन, ताजकिस्तानका प्रधानमन्त्री कोहिर रासुल्जोडा, उज्वेकिस्तानका प्रधानमन्त्री अब्दुल्लाह अरिपोभ, किर्गिस्तानको मन्त्रिपरिषद्का अध्यक्ष अकिल्बेक जापारोभ र इरानका उपराष्ट्रपति मोहम्मद रेजा सहभागी थिए । पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफ सहभागी रहे । मोदीलाई निम्तो थियो, पठाए एस जयशंकरलाई ।

भारतका प्रम मोदी २०१५ डिसेम्बरमा अफगानिस्तानबाट आकस्मिक रूपमा काबुलबाट लाहोरमा उत्रिएका थिए । मोदी त्यस बेला पाकिस्तानका तात्कालीन प्रधानमन्त्री नवाज सरिफको लाहोरस्थित घरमै पुगेका थिए । मोदीको लाहोर सयरलाई द्विपक्षीय र क्षेत्रीय सहकार्यका लागि सकारात्मक पहलका रूपमा विश्लेषण गरिएको थियो । त्यसपछि पाक र भारतवीच सम्बन्ध तीतो छ । यो भ्रमणमा पनि भारतका विदेशमन्त्रीले पाकिस्तानलाई लक्ष्य गरेर तिक्तता पोखेको देखियो । २०१६ मा जम्मु-कश्मीरको उरीस्थित भारतीय सेनाको ब्रिगेड मुख्यालयमा आतंकवादी हमला भएपछि भारतले पाकिस्तानलाई आतंक मच्चाएको आरोप लगाइरहेको छ । यही आरोपसँग सार्क सम्मेलनमा गतिरोध आयो । सार्क हुनसकेन ।

भारत र पाकवीच कूटनीतिक सम्बन्ध अवरूद्ध भयो । यसअघि सन् २०२३ मा भारतको गोवामा भएको एससीओको विदेशमन्त्रीस्तरीय बैठकमा सहभागी हुन पाकिस्तानी विदेशमन्त्री बिलवाल भुट्टो आएका थिए । त्यतिबेला पनि द्विपक्षीय वार्ता भएन ।

सन् १९४७ मा ब्रिटिस शासनबाट भारत स्वतन्त्र भएपछि भारत र पाकिस्तानवीच काश्मिरलाई लिएर मतभेद रहदै आएको छ । एकदोस्रालाई शत्रु ठान्छन् । 'आइसब्रेक' भयो भयो जस्तो हुन्छ, फेरि उस्तै अवस्था ।

भारत र पाकिस्तानवीचको तनाले सिंगो दक्षिण एसियाको शान्तिमा असर परिरहेको छ । जतिसुकै शत्रुता भए पनि एससीओ बैठका दुबै मुलुक सहभागी भइरहेका छन् । शत्रुता र द्वन्द्वले एससीओलाई असर गरेको देखिँदैन ।




सन २०१४ मा नेपालमा सार्कको १८ औ शिखर सम्मेलन भयो । त्यसपछि सम्मेलन पाकिस्तानमा हुनुथियो, उरी घटनामा भारतले पाकिस्तानलाई दोष दिएर सार्कको हत्या गरेको आरोप छ ।

न सार्क, न अन्तर्गतका बैठक केही पनि हुनसकेको छैन । नेपालको कूटनीति सार्कमा असफल भएको छ । सार्कको निस्क्रियताका कारण अब सार्क ब्यूँतदैन भन्ने कूटनीतिक निष्कर्ष रहेको छ । सन् १९८५ मा स्थापना भएको सार्क भारत र पाकिस्तानका कारण निस्कृय हुने दु:खदायी घटना हुनपुगेको छ ।

सार्क भारतकै कारण 'कोमा' मा छ । सार्कमा एकदोस्रालाई मुखसमेत हेर्न नचाहने भारत र पाकिस्तान एससीओमा हात मिलाउन पुगेका छन् । दुबैवीच आरोप प्रत्यारोपभन्दा पनि वार्ता हुन जरूरी छ । यसैमा दक्षेसको भलो छ ।

भूराजनीतिक मामिला गम्भीर छ । सार्क नचाहिने, बिमस्टेक र एसीओ चाहिने भारतको नीतिको आलोचना भइरहेकोछ । समूल दक्षेसमा शान्ति र प्रगतिको लागि सार्क अपरिहार्य संगठन हो, तर भारतले बाइपास गरिदियो ।सदस्य राष्ट्रहरू चीन, भारत, काजकिस्तान, किर्गिस्तान, रूस, पाकिस्तान, ताजकिस्तान र उज्वेकिस्तान छन् । अफगानिस्तान र मंगोलियाले आवेदन दिए पनि पाएका छैनन् । नेपाल पनि एससीओको 'डायलग पार्टनर' हो । नेपालसहित श्रीलंका, टर्की, कम्बोडिया, बहराइन, इजिप्ट, साउदी अरब, अजरबैजान, श्रीलंका, अर्मेनिया, कुवेत, माल्दिभ्स, म्यानमार र यूएई 'डायलग पार्टनर' हुन् । नेपालले पर्यवेक्षण गर्ने अधिकार पनि पाउन सकेन ।

## फ्रान्सेली राज्यक्रान्तिजस्तै बढ्दो आक्रोश

फ्रान्सेली राज्यक्रान्ति मुख्यत: क्षेत्रीय सुरक्षा मुद्दा, आतंकवाद, जातीय पृथकतावाद र धार्मिक रेभोलुस्योन्स फ्रासेस; (सन् १७८९-१७९९) फ्रान्सको इतिहासको राजनैतिक र सामाजिक उथल-पुथल तथा आमूल परिवर्तनको अवधि थियो । नेपोलियन बोनापार्टले फ्रान्सेली साम्राज्यको विस्तारद्वारा केही अंशसम्म यस क्रान्तिलाई अघि बढाएका थिए । क्रान्तिको फलस्वरूप राजालाई गद्दीबाट हटाई गणतन्त्रको स्थापना भएको थियो । यस क्रान्तिले इतिहासको दिशा परिवर्तन गरिदिएको थियो । यसबाट विश्वभर निरपेक्ष राजतन्त्रमा ह्रास आउन सुरू भएको थियो । इतिहासकारहरूले यो क्रान्तिलाई मानव इतिहासको सबैभन्दा महत्त्वपूर्ण घटना मान्दै आएका छन्।

अराजकतावादी ज्याकोवियन्स समूहले जनहत्या र रक्तपात मच्चायो । संचेतन बर्गले गुहार लगाए- हे स्वतन्त्रता, तिम्रो नाममा यो कस्तो अपराध भइरहेको छ ? पछि त्यो अराजकतालाई सबै मिलेर अन्त्य गरे ।

नेपाल बहुजातीय (१२६ जातजाति) मुलुक हो । बढ्दो अराजकतालाई अन्तर्राष्ट्रिय अभिष्टवालाहरूले साँध लगाउँदै र उक्साउँदैछन् । नेपालका नेताहरू राष्ट्रिय स्वार्थबाट प्रेरित छैनन् त्यसैले हामीसँग राजनेता छैनन् । राजनेता भएको भए उसले सम्हाल्ने थियो । कांग्रेस, एमाले, एमाओवादीले देउवा, ओली, प्रचण्डलाई राष्ट्रनेताका रूपमा उभ्याए, परालखुट्ट बने । जो एक बर्ग अथवा समूहको नेता बनिरहेको छ, जो राष्ट्रिय पहिचान बनाउन असमर्थ छ,ती जननेता बन्न सकेनन् ।

दुई दुई आवधिक निर्वाचनपछि पनि जनताले लोकतन्त्रको अनुभूति गर्न पाएनन् । अराजकता र कुशासन बढ्दै गएको छ । १७८० को दशकमा फ्रान्समा गुहार लगाएझैं नेपालमा पनि हे लोकतन्त्र, तिम्रो नाममा यो के भइरहेको छ ? भन्ने दिन आइसकेको छ । यो स्थितिबाट दलहरू दीक्षित र शिक्षित छैनन् ।

१९५४ मा ईरानी कम्यनिष्ट पार्टीका महासचिब डा. मोम्मद मोसादेकले सम्पूर्ण मतदानको ९५ प्रतिशत मतदान बाट बिजयहासील गरेर ईरानको प्रथम प्रधानमन्त्री भएका थिए तर अमेरीकी साम्रज्यबादको पूर्ण सहयोग र हस्तक्षेपमा डा. मोहम्मद मोदेकलाई सैनिक शक्तिद्वारा अपदस्त गरी रजा शाहा पहल्वीलाई अमेरीकी साम्राज्यबादले सत्तासीन बनाएर करीब अर्को ३० बर्ष सत्ताशिन गरायो र १९८० को दशकमा फेन्चहरूको सहयोगमा इरान फेरी इस्लामिक गणतन्त्रमा फस्न गयो । इरानमा कम्यनिष्टहरूलाई सामुहिक हत्या गरेर दबाइयो, जुन स्थानमा कम्युनिष्टहरूलाई दबाइयो त्यस ठाउँको नाम हाल रोज गार्डेनले प्रख्यात छ ।

विदेशी हस्तक्षेप र सामलसमेत प्रयोग गरेर हिन्दुराष्ट्र, राजतन्त्रमात्र किनारा लगाइएन, बिगत १८ वर्षको अवधिमा नयाँ नेपाल बनाउनेहरूले भएको नेपाललाई खुम्च्याइदिए । नेपालका भूभाग विदेशीले अतिक्रमण गरेर आफ्ना नक्सामा हालिसक्दा पनि नेताहरू आफ्नो भूगोलका बारेमा बोल्न सक्दैनन् । यिनीहरूलाई विदेशीले सत्ता, संसदमा उभ्याइदिएका हो । यिनको इज्जत विदेशमा होला, नेपाली जनतामा केही पनि छैन । नेपालीहरू हरेक नेतालाई 'चोर आयो' भनेर भन्छन् भनेर सांसदहरूले नै भनेका छन् । जनप्रतिनिधिबाट चोरको हैसियतमा खस्केकाहरूविरूद्ध जनतामा उठेको बिद्रोहले खरानी बनाउने दिन अब धेरै पर छ भन्न सकिन्न ।

परिवर्तन भयो, परिवर्तनले भ्रष्टाचार र कुशासनमात्र ल्यायो । अब जनताले अर्को परिवर्तन गर्ने संकेत दिएका छन्, अर्को नेपालमा अर्को क्रान्ति हुनेवाला छ ।

## शक्तिशालीको ऐंठनमा रूवि




बाँकेकी रूबी खान ०६६ सालदेखि न्याय मागिरहेकी छिन् । सरकारले ४ पल्ट सहमति गरेर न्याय दिने भन्यो, तर आफूले गरेको सहमतिबाट सरकार आफै पछाडि हट्यो ।

निर्मला कुर्मी आक्रोशपूर्ण स्वरमा भनिरहेकी छिन्- मेरो नागरिकता, लालपूर्जा, नाता प्रमाणित कागजात जति सबै लगेका छन्, मलाई दिनरात यातना दिएर बस्नै नसक्ने पारेका छन् । तत्कालीन संविधानसभा सदस्य बादशाह कुर्मीले आफूमाथि अन्याय गरेको उनको दावी छ । २०६२ सालमा श्रीमान बितेपछि न्यायको गुहार लगाइरहेकी महिलामाथि अन्याय बढ्दो छ । एउटा छोरा मरे, अर्को छोराको रहस्यमय मृत्य भयो । प्रशासनले छानबिन गरेन । उनीमाथि यातना र दबाब बढ्दै गयो । उनलाई साइकलबाट लतार्ने काम समेत भयो । रूवी खान, निर्मला कुर्मीहरू राजधानीसम्म आएर न्यायको गुहार लगाइरहेका छन् । सरकारलाई यिनीहरूलाई हेर्ने फुर्सद नै छैन । यो निकै पेचिलो मुद्दा हो, सरकार र अधिकारकर्मीका लागि चुनौति हो तर यी महिलालाई न्याय दिन कोही पनि तैयार छैनन् ।




# नेपाल लथालिङ्ग हुनुको कारण

तपाईं गणतन्त्रवादी हुनुहुन्छ भने भइ रहनुस् तपाईं राजतन्त्रवादी भइ रहन जरूरी छैन । कोही राजावादीबाट गणतन्त्रवादी बन्ने इच्छा हुनेले गणतन्त्रवादी बन्न जानोस् केही फरक पर्दैन, यो मुलुकमा राजाले चार चार पटक प्रधानमन्त्री बनाएको लोकेन्द्र बहादुर चन्द जस्तो त गणतन्त्रको फुली भिरेर ठमक ठमक हिँड्दै छन् भने तपाईं गणतन्त्रवादी बन्दा के आपत्ति हुनसक्छ, बन्नुस् । म राजतन्त्र र गणतन्त्रको पक्षमा कहिल्यै दोहोरो बहस गर्दिनँ । किनभने यो बहस भनेको भूकम्प मन पर्छ की पर्दैन, राम्रो की नराम्रो भनेर बहस गरेको जस्तो लाग्छ । राम्रो भन्नेले न त बोलाएर ल्याउन सक्छ अनि नराम्रो भन्नेले न त आएको बेला रोक्न सक्छ, त्यस्तै हो राजतन्त्रको हकमा पनि ! राजाको आवश्यकतावादी किन ?

केही महीना अगाडिको कुरा हो पाकिस्तानको प्रधानमन्त्री अमेरिका घुम्न गएका थिए, एअरपोर्टमा बस्ने सुरक्षागार्डले चेकिङको दौरान तिनको पुरै कपडा खोल्न लगाएर नांगै बनाएर चेक जाँच गरेको थियो ! यो तस्वीर सामाजिक संजालमा भाइरल भएपछि पाकिस्तानीहरू हाम्रो अपमान भयो देशकै बेइज्जत भयो भन्दै केही समय उफ्रे । उता अमेरिकाको रौं पनि हल्लेन ।

हाम्रै पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईलाई चीन भ्रमणमा जाँदा ३ घण्टा एअरपोर्टमा रोकेर चेक जाँच गरेर पठाए । यो अपमान नेपालको हो बाबुरामको होइन जे भए पनि उनी गणतन्त्र नेपालको जननिर्वाचित प्रधानमन्त्री हुन् तर चीन सरकारले उनको हैसियत अनुसारको व्यबहार गरेको थियो, हैसियत यही थियो र हो ।

पूर्व प्रधानमन्त्री प्रचण्ड त अस्ट्रेलिया जाने अन्तिम तयारीमा रहँदा भ्रमण नै क्यान्सिल गर्न पर्‍यो । कारण थियो अष्ट्रेलियामा प्रचण्ड पुग्ना साथ एअरपोर्ट बाटै ... भन्ने गोप्य खबर आएपछि भ्रमण नै क्यान्सिल गर्न पर्‍यो । उता अमेरिकामा भने विभिन्न कूटनीतिक पहल गरेर जान अगाडि अमेरिकी सरकारले पक्राउ नगर्ने भनेर लिखित परिपत्र जारी गरेपछि मात्रै प्रचण्ड श्रीमती लिएर उपचारमा अमेरिका गएका थिए । हैसियत यस्तो छ नेपालका पूर्व क्रान्तिकारी गणतन्त्रवादी प्रधानमन्त्रीहरूको । यस्तो अवस्थाको राजनेता भएको देशले बिश्व बिरादरीमा कसरी नेपालको कुटनीतिक डिल गर्ला ? सहजै अनुमान लगाउन सक्छौं !

पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल त एउटा कोरियाली इसाईको आइएनजीओ जसको प्रमुख संस्थापक नै अपराधीक मामिलामा जेल परेका थिए, तिनका संस्था बाट २० वर्षमा २५ पटक बिदेश भ्रमण गरेका रहेछन् ! त्यति मात्रै होइन त्यही संस्थाको पत्र बोक्दै नेपालको बिदेश मन्त्री निम्तो बाँड्दै हिंडे भने नेपाल सरकारले राजकीय समारोहको आयोजना गरेर छिट्टै नेपाल प्रभुको राज्य हुनेछ भनेर प्रमुख अतिथिले घोषणा गर्दै समारोहको समापन गरिन् । अब भन्नुस् दुई छिमेकी मुलुकमा अलग्गै धर्म संस्कृति मान्ने मुलुकको बीचमा छिटै प्रभुको राज्य स्थापना गर्ने घोषणाले यी दुई देश झसङ्ग भए कि भएनन् होला ?

केही वर्ष अगाडि बर्मेली नेतृ आङ्साङ सुकी काठमाडौ आएकी थिइन् । तिनलाई भेट्न हाम्रा पूर्व प्रधानमन्त्रीहरूको होटलमा पालो कुरेर लाइन लागेको दृश्य पत्रपत्रिकामा छापेको थियो । यस्तो लाजमर्दो दृश्य नेपाल बाहेक अन्यत्र सायदै देख्न सकिन्छ !

एउटा अमेरिकी राजदूत एमालेको पार्टी कार्यालय बल्खुमा घुम्न आउँदा पार्टी कार्यालयमा सजाएर राखेको कार्ल मार्क्स, एंगेल्स, लेनिन ,स्टालिनको तस्वीर हतारहतार लुकाएको घटना त सबैलाई थाहै भएको कुरा हुन् भने २०६५ सालमा माओवादी वाइसीएलले उपत्यका बन्द घोषणा गरेको थियो । एकाएक राति बन्द स्थगन गर्‍यो । त्यसको पछि कारण बुझ्दै जाँदा तत्कालीन जर्मनी राजदूतको आमा त्यही दिन जर्मनबाट नेपाल घुम्न आउँदै रहिछन्, एअरपोर्टमा समस्या पर्छ, त्यो दिनको बन्द सारीदेउ भनेर राजदूतले आग्रह गरेपछि बन्द फिर्ता लिएको थियो ।

चीनियाँ राष्ट्रपति सी जिन्पिङ नेपाल भ्रमणमा आउँदा (सन २०१९) नेपालका पूर्व प्रधानमन्त्रीहरूलाई एकल भेटघाटको व्यवस्था गरिएको थियो, चीनिया राष्ट्रपतिले नेपालका प्रधानमन्त्रीहरूलाई जम्मा ५-५ मिनेट उभि उभि भेट दिए, यहीँबाट बुझौं हाम्रो स्थान कहाँनेर छ भनेर ! यही हो हाम्रो औकात ! चाहे तपाईं महान गणतन्त्रवादी व्यवस्था भन वा यो व्यवस्थाका नेतालाई क्रान्तिकारी अग्रगामी छलाङ्वादी युगद्रष्टा त्रिकालदर्शी जेसुकै बिल्ला भिराउ, आखिर उनीहरू नेपाली नेता नै हुन् उनको औकात भनेको महाशक्ति अमेरिका, चीन, रसिया, भारतको अगाडि त्यति नै हो जति अहिले बिदेशीले व्यबहार गर्दै छन् । हाम्रो सिद्धान्त हाम्रो दर्शन हाम्रो बीपीवाद, भण्डारीवाद, प्रचण्ड पथ हेरेर विश्वका महाशक्तिले आफ्नो तेवर परिवर्तन गर्दैन वल्की हाम्रो कुसल अकुसल कुटनीतीले उनको तेवर परिवर्तन गर्छ ।

हाम्रो जस्तो भूपरिवेष्ठित बिशाल दुई छिमेकी मुलुकको वीचमा तेस्रो मुलुकको व्यवस्थापन गर्दै सन्तुलित कुटनीतिक व्यवस्थापन नै मुख्य समस्या र अवसर दुबै हो । कुटनीतिक सम्वादमा बस्नेको बढी ल्याङ्वेज महत्त्वपूर्ण हुन्छ । तपाई र मेरो सम्वादमा तपाईंको हैसियत महत्त्वपूर्ण हुन्छ यदि मैले फू गर्दा तपाईं ढल्नु हुन्छ भने र मैले फू गर्दा पनि हत्तपत्त नढल्ने ओजनको तपाईं हुनुहुन्छ भने बल्ल तपाई र मेरो दोहोरो लेनदेन सम्वादमा त्यसको प्रभाव पर्छ, ठिक त्यस्तै अन्तर्राष्ट्रिय कुटनीतिमा यही नियम लागु हुन्छ, अहिले किन बिदेशीहरूले भाउ दिइरहेका छैनन् नेताहरूलाई भने फू गर्दा ढल्ने नेता छ, पार्टीको हैसियत छ, एउटा राजदूत सोझै चप्पल लगाएर राष्ट्रपति प्रधानमन्त्रीको चोटा कोठा चहार्दै हिंड्छ भने यस्ता नेता र पार्टीले नेपालमा कुटनीतिक, राजनीतिक व्यवस्थापन सन्तुलन कसरी गर्न सक्छन् ?

त्यसैले कट्टर प्रजातन्त्रवादी बिपी कोइराला वा कट्टर कम्युनिस्ट मदन भण्डारी देखि मनमोहन अधिकारीसम्म नै किन नहोस् चाहेर वा नचाहेर राजदरबारको आवश्यकता देख्नुको प्रमुख कारण यही थियो । साझा स्थायी शक्ति देशमा रहोस् ।

बेलायतको राजसंस्था प्रशासनिक स्थायी संस्था मात्रै होइन बेलायतीलाई भावनात्मक रूपमा जोड्ने संस्था पनि हो, अष्ट्रेलियादेखि न्यूजिल्यान्डसम्मको नागरिकको पनि महारानी हुन् तर बेलायतमा गणतन्त्र भएको भए के त्यहाँको कुनै प्रधानमन्त्री वा राष्ट्रपति अष्ट्रेलियाको पनि प्रधानमन्त्री हुन सक्थ्यो होला र ? बिल्कुल असम्भव !

२०५६ सालतिर होला सार्क फुटबल खेलको आयोजना भएको थियो फूटबल खेलमा भारतले जित्यो पुरस्कार वितरणमा भारतिय खेलाडी सबैले युवराज दिपेन्द्र संग हात मिलाउँदै जाँदा भाईचुंग भुटियाले भने युवराज दिपेन्द्र सँग हात मिलाउन अफठ्यारो मान्दै नमस्कार गरे ! किनकि ऊनी भारतीय त हुन् तर नेपाली मूलको भारतीय नागरिक थिए भने दिपेन्द्र नेपाली युवराज थिए, त्यसैले उनले हात मिलाउन अन्कनाएर नमस्कार गर्न पुगे, यस्तो हुन्छ मनोबैज्ञानिक प्रभाव !!

नेपाल र म्यानमार (बर्मा)वीच सन् १९६० मार्च १९ देखि औपचारिक कूटनीतिक सम्बन्ध स्थापना भएको केही वर्षमा राजा महेन्द्रको भ्रमण म्यानमारमा भएको थियो, आफ्नो राजाको दर्शन गर्न भन्दै बर्मेली नेपालीहरू उर्लेर आए । तिनीहरूलाई राजा महेन्द्रले पूर्खेउली देशमा फर्किने भए जग्गा जमीन दिने भनेर आश्वासन दिए । त्यसमध्ये केही फर्केर आए जति आए तिनीहरूलाई प्रति परिवार दुई दुई बिघा जमीन दिएर २०२२ सालमा पुनर्स्थापित गरे, यदि त्यहाँ त्यतिबेला कुनै दलको नेता गएको भए बर्मेली नेपालीहरू झुम्मिने थिए होलान् र ?

राजसंस्थालाई आधुनिक किताबी ज्ञानको तराजुमा तौलेर मात्रै हेर्ने होइन हजारौं वर्षको ऐतिहासिक साँस्कृतिक धरोहरको जगबाट हेर्नुपर्ने हुन्छ । यसले बिश्व भरि छरिएर रहेको करोडौं नेपाली बीचमा आस्थाको साझा चौतारी पनि बन्न सक्छ जुन कुरा ५-५ बर्षमा दलिय भागबन्डामा परेर फुत्त बन्ने राष्ट्रप्रमुखबाट यस्तो सम्भावना थिएन छैन र भएन भन्ने कुरा त स्वयम् गणतन्त्रवादी नायक प्रचण्डलाई नै परिसकेको छ । अरूको त झन् के कुरा ? त्यसैले म नेपालमा सबैको साझा मेरूदण्डको रूपमा राजसंस्थाको आवश्यकतावादी भएको हो ।

*साभार- मोहन लामा रूम्बा*

# १२ बुँदे समर्थकमा आएको फुट र देशको आवश्यकता



**डा. केशव देवकोटा**

नेपालको राष्ट्रिय राजनीति फेरी परिवर्तनको चौबाटोमा पुगेको छभने सत्ता राजनीतिमा पनि संकटको अवस्था देखिएको छ । यहाँको बिद्यमान राजनीतिक व्यवस्था ०६२ मंसिर सातगते भारतको नयाँ दिल्लीमा भएको १२ बुँदे सहमतिको जगमा स्थापना भएको हो । उक्त सहमतिमा नेपालका माओवादी र सातवटा संसदवादी दलका प्रतिनिधिहरुले हस्ताक्षर गरेको भनिएको थियो । जसलाई त्यतिबेला ००७ सालपछिको दोश्रो दिल्ली संझौताकारुपमा समेत अर्थ्याउने प्रयास भएको थियो । त्यतिबेला माओवादीको मुख्य प्रतिनिधिका रुपमा हालका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र संसदवादीहरुको मुख्य प्रतिनिधिकारुपमा नेकांका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालालाई मानिएको थियो । हेर्दा नेपालका दलहरुले १२ बुँदे सहमति गरेकोजस्तो देखिएपनि भित्रीरुपमा त्यहाँ नेपाल सन्दर्भलाई लिएर इन्डो पश्चिमा गठबन्धनकाबीचमा हस्ताक्षर भएको थियो । त्यसैले यहाँ दाहाल र कोइराला इन्डो पश्चिमा शक्तिको नेपाल नीतिको कार्यान्वयनगर्न बाध्य भएको देखिएको थियो । त्यसै आधारमा नेपालमा राजतन्त्रको बिस्थापनगर्ने र ०७२ को संविधान घोषणागर्ने लगायतका कामहरु भएका थिए । तर ०६३ पछि सात संसदवादी दल र माओवादी दुबै खेमामा फुटका श्रृंखलाहरु शुरु भए । दाहाल र कोइरालाको भित्री षडयन्त्र बुझेपछि सात संसदवादी दलको खेमाबाट नेमकिपा र मालेलगायतका दलहरु अलग भएका थिएभने माओवादीबाट मोहन बैद्यलगायतका खास खास नेताहरु अलग हुनुभएको थियो । पछि दिल्लीमा १२ बुँदे सहमतिगर्दा प्रत्यक्ष उपस्थित डा. बाबुराम भट्टराईहरु पनि अलग हुनुभयो । डा. भट्टराईले कम्युनिष्ट राजनीति र पार्टी दुबै परित्याग गर्नुभएको छ । उहाँ बिभिन्न पार्टीमा चाहार्दै हाल नेपाल समाजवादी पार्टी ( नयाँ शक्ति) को अध्यक्ष बन्नुभएको छ । उहाँ माओवादी केन्द्रका अध्यक्ष दाहालका प्रमुख आलोचक पनि हुनुहुन्छ । त्यसैगरी मोहन बैद्य नेतृत्वको समूहले पहिलो संविधानसभाबाट राजीनामा गर्नुकासाथै दोश्रो संविधानसभादेखि हालसम्मका कुनैपनि निर्वाचनहरुमा भाग लिएको छैन । सो समूहले ०६२ मा भएको १२ बुँदे सहमति, ०६३ को शान्ति संझौता, संविधानसभाको निर्वाचन, ०७२ को संविधान र त्यस अनुसार नेपालमा लागूगराइएको बिद्यमान राजनीतिक व्यवस्था सबैलाई अमान्य घोषणा गरेको छ । सो समूहले माओवादी केन्द्रलाई नेकां र एमालेजस्तै दक्षिणपन्थी पार्टी र सो पार्टीका अध्यक्ष दाहाललाई दक्षिणपन्थी अवसरवादी नेता करार गरेको छ । गत जेठमा दाहालले जादू गरेर आफू नेतृत्वको सरकार ०८४ सम्मनै टिकाउने भन्नुभएको थियोभने दिल्ली भ्रमणबाट फर्केपछि फेरी एमालेलाई हटाएर नेपाली कांग्रेससहितको सरकार पुनरगठनगर्ने प्रयास पनि गर्नुभएको थियो । तर नेकांको पहलमा एमाले नेतृत्वको नयाँ सरकार बनेपछि उहाँ सत्ता बाहिर पर्नुभएको छ । त्यो खासमा १२ बुँदे सहमति पक्षधरहरुको पछिल्लो बिभाजन थियो । शुरुमा सरकारबाट हट्नु परेकोमा माओवादी केन्द्रका अध्यक्ष दाहाल नयाँ सरकार र त्यसमा पनि प्रधानमन्त्रि तथा एमालेका अध्यक्ष केपी ओलीसँग रुष्ठ देखिनुभएको थियो । उहाँले नेकांका सभापतिको नेतृत्वमा सरकार हुनुपर्छभन्ने धेरै जिकिर पनि गर्नुभएको थियो । त्यस घटनाले दाहालको अशली पक्षधरता र कम्युनिष्टको नकाब समेत स्पष्ट भएको थियो ।

नयाँ सरकार गठन भएपछि उहाँले बर्तमान सरकारलाई तीन महिनाभित्र सत्ताच्युत गराउने र नेपाललाई दोश्रो बंगलादेश बनाउने उद्घोष पनि गर्नुभएको थियो । गत असोजमा देशमा बाढी पहिरो भएपछि अध्यक्ष दाहाल बर्तमान सरकारको बिरोध नगर्ने बरु मिलेर कामगर्नेमा पनि पुग्नुभएको थियो । त्यसपछि उहाँले फेरी गत दुईगते रास्वपा र राप्रपासहितका प्रतिपक्षी दलहरुको संयुक्त बैठकगरी आन्दोलन सञ्चालनका लागि कार्यदल पनि बनाउनु भएको थियो । त्यसलगत्तै फेरी उहाँ आफैले गत शनिबार माओवादी केन्द्रकोमात्र कार्यक्रम सञ्चालन गर्नुभयो । बर्तमान सरकारको बिरोधगर्नका लागि आयोजित सो दिनको बिरोधसभामा अध्यक्ष दाहालले आफै सरकार नढाल्ने र नयाँ ढंगले संगठनगर्ने बताउनु भएको थियो । जसलेगर्दा प्रतिपक्षी दलहरुको गठबन्धनमा बिभाजनको अवस्था सिर्जना भएको छ । सोही समयमा अन्तराष्ट्रिय क्षेत्रमा इन्डो पश्चिमा शक्तिकाबीचमा बिभाजन भएको देखिएको छ । छिमेकी चीन र भारतले गतसाता मात्र आपसमा सहमति कायम गरेर सीमा समस्या हल गरेका छन् । रुस-युक्रेन युद्ध र इजरायल-हमास युद्धका सन्दर्भमा पनि उनीहरुको धारणा नेपालकोभन्दा भिन्न रहँदैआएको छ । ०७९ पुस १० गते बनेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन सरकारले आतंककारी घोषणा गरेका प्यालेष्टिनीहरुलाई चीन र रुसले यसअघिदेखि नै सहगोगगर्दै आएका थिएभने हाल आएर भारतलेसमेत आर्थिक लगायतका सहयोगगर्न थालेको छ । यस परिघटनाले मुख्यत माओवादी केन्द्रका अध्यक्षलाई असहज अवस्थामा पुर्‍याएको देखिएको छ । त्यसैले गत शनिबार काठमाडौंको भृकुटीमण्डपमा आयोजित सभामा उहाँले नेकां र एमालेसँग मिल्नु आफ्नो गंभिर गल्ती भएकोसमेत बताउनु भएको थियो । उहाँको भनाईको संकेत फेरी पूर्ब माओवादी समूहहरु मिलेर आन्दोलनगर्ने र सत्ता कब्जागर्ने भन्ने रहेको सहजै बुझ्न सकिने खालको थियो । तर सोही दिन पूर्ब माओवादी नेता तथा हाल कम्युनिष्ट पार्टी र राजनीति परित्याग गरिसक्नु भएका डा. बाबुराम भट्टराईले पूर्ब माओवादीहरुका बीचमा फेरी एकता हुननसक्ने रहस्य खोल्नु भएको भएको छ । उहाँले स्पष्टरुपमै पूर्व माओवादीहरु किन एक ठाउँमा आउने ? भन्दै पुष्पकमल दाहाललाई प्रश्न गर्नुभएको छ । सामाजिक सञ्जालमा एक लामो पोष्ट लेख्दै डा. भट्टराईले अर्को जनयुद्धगर्न या भोजभतेरगर्न या फेरि एकपटक पुष्पकमललाई संसदीय सत्तारोहण गराउन भन्दै यसको वैचारिक-राजनीतिक औचित्य र आधार के हो ? भन्ने प्रश्न गर्नुभएको छ ।

माओवादी केन्द्रले सडक आन्दोलन थाल्दैगर्दा सत्ता पक्षीय राजनीतिक दलहरुले संयुक्त बक्तब्य जारी गरेर आफूहरु एकढिक्का रहेको स्पष्ट गरेका थिए । उनीहरुले गत असार १७ गते नेकां र एमालेबीच भएको सातबुँदे सहमतिका आधारमा मूल्यांकनगर्दा सरकार सफल रहेको दाबि पनि गरेका थिए । त्यतिमात्र नभएर नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सरकारको १०० दिनको कामप्रति कांग्रेस सन्तुष्ट रहेको बताउनुभएको थियो । उहाँले एमालेका अध्यक्ष ओली नेतृत्वको सरकारले १०० दिनमा गरेको कामबाट असन्तुष्टि जनाउनुपर्ने कुनै कारण नरहेको समेत बताउनुभएको थियो । सभापति देउवाले हनिमुन डेजमा सरकारले राम्रो काम गरेको पनि बताउनुभयो । उहाँले सबै किसिमबाट सरकारले गति लिएको दाबि पनि गर्नुभयो । १० बर्षसम्म चलेको दीर्घकालीन जनयुद्धलाई अकस्मात भारतको नयाँ दिल्लीमा १२ बुँदे सहमतिगर्दै बिसर्जनगर्ने हाल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालका ०६२ पछिका हरेक कदममा असफलहुँदै आउनु भएको छ । अब उहाँ फेरी पुरानो राजनीतिक अवस्थामा फर्कने कुनै संभावना छैन । उहाँकै छलाङ मार्ने अवसरवादी गतिबिधिका कारण ०६३ को राजनीतिक परिवर्तन काँचो पल्टिने संभावना बढ्दैगएको छ । यदि ०६३ को राजनीतिक परिवर्तन असफल भयो र दुई छिमेकी चीन र भारत मिलेर इन्डो पश्चिमा शक्तिको नेपाल नीति असफल भयोभने नेपालमा राजनीतिक परिवर्तन हुन कसैले पनि रोक्नसक्ने अवस्था छैन । अबका दिनमा फेरी नयाँ सहमति र संझौताहरु हुने छन् । त्यसपछि १२ बुँदे सहमतिमा हस्ताक्षरगर्ने बिभिन्न पार्टीका नेताहरुको कन्तबिजोग हुने देखिएको छ । हाल १२ बुँदे सहमति मान्नेमा माओवादी केन्द्रका अध्यक्ष दाहाल एक्लै परेको देखिएको छ । माओवादी केन्द्र र समाजवादी मोर्चामासमेत उहाँलाई मुख्य बाधककारुपमा लिने गरिएको पाइन्छ । दाहालको 'बोली र ब्यवहारको कुनै ठेगान नहुने समस्या'लेगर्दा पछिल्ला घटनाक्रमहरुको सिर्जना भएको हो ।

अब नेकांसँग मिलेर एमालेलाई जसरी भएपनि सत्ताच्युत गराउने उहाँको योजनामासमेत ठेस लागिसकेको छ । जो जसले नेपाललाई दोश्रो बंगलादेश बनाउने भनेका थिए, उनीहरु पनि हावादारी साबित भैसकेका छन् । समग्रमा हेर्दा बर्तमान राजनीतिक ब्यवस्था पनि नटिक्ने र ०४७ को संविधान र सो अनुसारको राजनीतिक ब्यवस्था पनि पुनर्स्थापना हुननसक्ने देखिएको छ । हालको अवस्थामा नेपालका लागि आवश्यक भनेको राष्ट्रिय एकता र मेलमिलापमा आधारित राजनीतिक ब्यवस्था हो । जसका लागि हाल संसदमा रहेका सबै दलहरुले सर्बदलीय र सर्बपक्षीय भेलाको आयोजना गराउनेतिर लाग्नुपर्दछ । जसमा बिद्यमान राजनीतिक ब्यवस्था जस्ताको तस्तै हुनुपर्छ भन्नेहरु, ०७२ को संविधानमा समसामयिक संशोधन गरेर अगाडि बढ्नुपर्छ भन्नेहरु, राजतन्त्र पुनर्स्थापना हुनुपर्छ भन्नेहरु र देशमा आमूल राजनीतिक परिवर्तन गरेर जन गणतन्त्र स्थापना गरिनु पर्छ भन्नेहरु सबैको सहभागिता आवश्यक छ । यसअघि पनि सबै पक्षको छलफलका माध्यमबाट देशको बस्तुस्थिति सुहाउँदो राजनीतिक ब्यवस्था स्थापना गरिएको भए हालकोजस्तो अन्योलको अवस्था आउने थिएन । बिद्यमान राजनीतिक ब्यवस्था कुनै संघर्षबाट स्थापित भएको पनि होइन र स्वतन्त्र र निष्पक्ष ढंगले जनअनुमोदन गराएर स्थापना गराईएको पनि होइन । यो बल प्रयोगको सिद्धान्त अनुसार छलछाम गरेर जबरजस्त स्थापना गराइएको ब्यवस्था हो । यस्तो ब्यवस्थाले कोही कसैले निहित स्वार्थ पूरागरायो होला । तर आम जनताको स्वार्थ र चाहना दुबै पूरा हुँदैन । ०६२ मा दिल्लीमा गरे/गराइएको १२ बुँदे सहमति असफल भएकाले अब देश र जनताका लागि स्वदेशभित्रै सहमति कायम गराउनेगरी नयाँ ढंगले सोचिनु आवश्यक छ ।

## दूरसञ्चार उपभोक्ताहरुसंग सम्बन्धित गुनासो दर्ता गर्ने सम्बन्धी सूचना !

यस नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरी दूरसञ्चार सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरुले प्रदान गरेको दूरसञ्चार सेवाका सम्बन्धमा समस्या भएमा दूरसञ्चार उपभोक्ताहरुले सम्बन्धित सेवा प्रदायकहरुलाई गुनासो गर्दा पनि समस्या समाधान नभएको खण्डमा यस प्राधिकरणको कार्यालयको सम्पर्क नम्बर तथा कार्यालयको इमेल मार्फत गुनासो व्यवस्थापन गरिँदै आएको छ । हाल दूरसञ्चार सेवाका सम्बन्धमा उपभोक्ताहरुको गुनासोलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउनको लागि कार्यालयको सम्पर्क नम्बर तथा इमेलको अतिरिक्त गुनासो व्यवस्थापन प्रणाली (Complaint Handling System) समेत तयार गरी सोझै प्राधिकरणको Website मा राखिएको **"गुनासो व्यवस्थापन प्रणाली (Complaint Handling System)"** मा समेत गुनासो दर्ता गराउन सक्ने व्यवस्था गरेको व्यहोरा सम्पूर्ण दूरसञ्चार उपभोक्ता तथा सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ ।

**नेपाल दूरसञ्चार प्राधिकरण, उपभोक्ता हित संरक्षण शाखा,**
**जमल, काठमाडौं, नेपाल ।**
**पो.ब.नं.: ९७५४**
**फोनः +९७७-१-५३५५४७४, ५३५४७१७, ५३५५६४९**
**फ्याक्सः +९७७-१-५३५५२५०**
**इमेलः ntra@nta.gov.np, वेबसाइटः www.nta.gov.np**

# मुक्तक लेख्ने प्रयासहरू : थाहा छैन कतिबेला ऊ जवानी हुन्छ



कहिले जित त कहिले हार रैछ जीवन
कैयौं अधुरा आशाको भार रैछ जीवन
नजानिदो गरी खेल खेलिरहन्छ सधैं यो
हिया रेट्ने करौतीकै धार रैछ जीवन ।

- दुर्गाकिरण तिवारी



हिजोका दिन भुल्नुपर्छ, नयाँ दिन कुर्नलाई
सजिलो त कहाँ छ र ! फेरि साईत जुर्नलाई
पर्खिदैन समयले, आजै देखिन शुरू गरौं -
पैतालामा धाँजा प-या, बाँकीनै छ पुर्नलाई ।

- मुकुन्द पौडेल



न त उच्च कुल, न त धेरै तल तल
कहिले कष्ट महाकष्ट हाम्रै कर्म फल
न दुश्मनी कसैसँग न त हजुर हजुर
सबै सबै हितैषी हुन्, न झगडा कल ।

- गुरूदत्त ज्ञवाली



डोरिको पयो एकैठाउँमा बाट्ने मन छ
बिना सर्त दुइ वटा मुटु साट्ने मन छ
छिमेकीले जे सुकै भन्ने हो भनी राखुन्
तिम्रै छत्रछायामा सयौं जुनी काट्ने मन छ ।

- शंकर ज्ञवाली



आउँछन्, केही दिन्छन्, मानौं गुन लगाएर जान्छन्
सधैं आश्रित तुल्याई घाउमा नुन लगाएर जान्छन्
कोही दिदैनन् यहाँ बिरूवा, चिस्यान र मलिलो माटो
मौका छोपी हाम्रै भकारीमा घुन लगाएर जान्छन् ।

- विष्णुप्रसाद आचार्य



गैरीखेत फाँटमा धानका बाला झुलिसके
मखमली, सयपत्री घरआँगनमा फुलिसके
दिदीभाईको मायाको गाथा गाउँदै गाउँदै
चौसी र भैलिनीहरू आँगनीमा डुलिसके ।

- देवी काफ्ले



बगर भित्रभित्रै नदेखिने पानी हुन्छ
छचल्किदै बहने उसको बानी हुन्छ
होसियार, आखिर खहरे न हो त्यो
थाहा हुन्न कतिबेला ऊ जवानी हुन्छ ।

- गंगा दहाल



खै जिन्दगी मां किन अचेल रात परेको छ
मन मा पिर मुटुमा छुरा एकै सात परेको छ
मेरो खबर के सुनाउँ र भो ति यत्ति बुझ
यि आँखामा धर धरी आंसुको बर्षात परेको छ

- अर्जुन अधिकारी



कोल्टाकोलागि पोल्टाको खोट्याएपछि यस्तै हो
आफ्नो स्वाभिमान आफैंले छोट्याएपछि यस्तै हो
नङ उप्किन्छ बरू पहँलो चिज रातो कहिल्यै हुँदैन
हलेदो भनेर जानीजानी कोट्याएपछि यस्तै हो ।

- गिरिराज डल्लाकोटी



अहिले पनि ऊ बेलाको कहानी ताजै छ
मायालुसँग गरेका मनोमानी ताजै छ
मलाई उमेर ढल्केछ भनेर नसम्झनु है
पहाडी छाड्गो जस्तो जवानी ताजै छ ।

- लक्ष्मी नेपाल



अहिलेसम्म नेताहरूले के चाहिँ राम्रो गरे
फुट्ने धुत्ने लुट्ने गर्दागर्दै आफ्नै भुँडि भरे
केन्द्र देखि प्रदेश सम्म सेटिङ मिलाउदै,
जनताको आँखामा केवल धुलो मात्रै छरे ।

- विद्या भण्डारी



कानमै बतास लागेन हरेक कुरामा आलटाल गरियो
विदेशी वायु चल्दा रातारात सडक टालाटाल गरियो
कति टिकाउ हेला सरकार उम्रँदैको तिनपाते विकास
जनताको चुलो नबलेनि भ्रष्टलाई मालामाल गरियो ।

- शिवा कार्की

# सात समुद्रपारिबाट



**अरूणबहादुर खत्री-**

समीक्षा-

सात समुद्रपारिबाट नामक कवितासङ्ग्रह साहित्यकार एवं कवयत्री गोमा रानाको २०८१ सालमा प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र म खोजिरहेछु, चुपचाप अशान्ति अँगाल्नुपर्ने, मलाई के थाहा थियो र ? सेवा नै धर्म हो, शुभकामना लगायत विभिन्न शीर्षकका ७१ वटा कविताहरू रहेका छन् । यस सङ्ग्रहभित्रको म खोजिरहेछु शीर्षकको पहिलो कवितामा साहस बटुलेर दौडिन्छु कताकता यत्रतत्र भौतारिन्छु कहाँकहाँ सर्वत्र खै के भो के भो छटपटाइरहन्छु आज म यहाँ केही हराएजस्तो भनिएको छ । चुपचाप अशान्ति अँगाल्नुपर्ने शीर्षकको कवितामा जङ्गललाई नै घर मानी बस्नुपर्ने मौका परे निर्दयी र निमुखामाथि निर्मम हतियार चलाउनुपर्ने कवयत्री गोमाले भनेकी छिन् । मलाई के थाहा थियो र ? शीर्षकको कविताभित्र म त बिहानै उठेर पानी भर्न पँधेरो जाने ढिकीजाँतो गर्दा ठिक्कै हुने दिउँसो घासदाउरा मेलापात बेलुकी भाततिहुन पकाउँदा मकै भुट्दा ठिक्कै हुने भनेर कवयत्री गोमाले लेखेकी छिन् ।

आज नौलो बिहानीको किरणसँगै
नयाँ उमङ्ग र जोस लिएर आऊ
कहींकतै लुकाइराखेको भावनालाई
कला थपेर सिर्जनशील बनाऊ
तिम्रो त्यो नौलो आगमनमा
भरिपूर्ण कोसेलीसहित आऊ ।

उनले लेखेका कविताहरूमा जागरणको सन्देश छ । उनका कतिपय कवितामा स्वाभिमान बोलेको छ । कविता सिर्जना होइन भावना र संवेदनाको उपज हो अर्थात् कविता लेख्छु भनेर लेखिदैन । कवयत्री गोमाले समाजमा घटेका यथार्थ घटना, विषयवस्तु अवस्था र परिवेशहरूलाई समेटेर कविता लेखेकी छिन् ।

कविताको सिर्जना, परिस्थिति, संस्कृति, परिवेश, क्रियाकलाप प्रतिआवेगहरूको प्रतिक्रियाबाट भएको हुन्छ । गोमाको कविताको केन्द्रमा मान्छेको पीडा छ । त्यो पीडा कतै विस्तार भएको हुन्छ भने कतै खुम्चिएर समाजमा भोगिरहेको वियोग, आशङ्का, त्याग र कुरूपताका कारण डल्लो परेको हुन्छ । एकहत्तरवटा कविताको यस सङ्ग्रहमा विभिन्न विषय र स्वादका कविता समेटिएका छन् । कवयत्रीको सिर्जनात्मक मान्यता एउटै भएपनि कविताका विषय र वान्कीमा भने विविधता छ । उनको मान्यता जीवन र जगत्भन्दा बाहिर छैन ।

ए कमलजस्तै कलम
तिमीले के गर्न सक्छौ र मबिना
तिमीले ठाडो भित्तामा कोरेर भएन
तेस्रो बाटोलाई खोस्रेर भएन
मबिना तिम्रो के नै अस्तित्व छ र ?

कवयत्री गोमाको यस कृतिभित्र विविध, भाव, भूमि र विषयमा लेखिएका कविताहरू समावेश गरिएका छन् । केही कविता लामा छन् भने केही कविता छोटा छन् । उनका कृतिभित्र समावेश गरिएका सबै कविताहरू कुनै न कुनै उद्देश्य, सन्देश र चिन्तनमा केन्द्रित रहेका छन् । धेरै कविताहरू मानवीय जीवन र जीवनका विविध पक्षहरूमा व्यक्त गरेर लेखिएका छन् । केही कविताहरू माया, प्रेम र आत्मीयतामा केन्द्रित देखिन्छन् । केही कविताहरूमा प्रेमसँगै वियोग पनि मिसिएर आएको छ । उनका कवितामा प्रयोगमा आएका प्रकृतिका सुन्दर बिम्बहरू सराहनीय छन् । भावनामा प्रगाढता छ, अनुभूतिमा गहिराई छ, कविता लेख्ने शैली आकर्षक छ र प्रस्तुतिमा निख्खारता छ । जागरण, आध्यात्मिक चेतना र दार्शनिकताले परिपूर्ण उनका यी कविताहरू प्रेरणादायी र सन्देशमूलक छन् । उनका कविताहरू साह्रै नै स्तरीय र मिठासले भरिएका छन् । उनका कवितामा सरलता, भावप्रवणता र प्रेमको स्पष्टता झल्किएका छन् ।

सबैको अन्तरात्मामा
माया, ममता र सेवाको भावना
जागेर आइदिए हुन्थ्यो
नयाँ दिनले एकआपसमा
सहिष्णुता, खुसी, उमङ्ग र शान्ति
बोकेर आइदिए हुन्थ्यो ।

कवयत्री गोमाले जीवनदेखि नै अरूका कविताहरू पढेर तिनीहरूबाट प्रभावित र प्रोत्साहित हुँदै केही सिक्ने प्रयास गर्दै आएकी छिन् । उनले यात्रामा भोगेका, देखेका, अनुभूति गरेका तितामिठा पलहरूलाई कवितामा उतार्ने कोसिस पनि गरेकी छिन् । यी कविताहरू उनका मनका भावना हुन् । विभिन्न समय, परिस्थिति र परिवेशमा प्रस्फुटन भएका भावनाहरूलाई कविता लेखेर पाठकवर्ग सामु पस्कने जमर्को गरेकी छिन् ।




साँच्चिकै छोरा लाहुरे बन्न सफल भयो
छोराको लाहुर यात्रासँगै
सुखका दिन फिर्ने आशा पलायो ।

कवयत्री गोमाले आफ्ना कवितामा व्यक्ति, समाज र राष्ट्रको अवस्थालाई जीवन्त स्वरूपमा समेटेकी छिन् । सामाजिक मनोदशालाई कवयत्रीले गहिरोसँग अनुभूत गरेको महसुस हुन्छ । आआफ्नो लेखाइ शीर्षकको कवितामा लेखाइ आआफ्नै तरिका सरल वा गाह्रो पढ्दा पढ्दै आशय बुझ्न झन् साह्रो कसैको भावना प्रस्फुटनमा व्यङ्ग्य झल्किन्छ कसैको भावना प्रस्फुटनमा आनन्द मिल्छ भनेर उनले लेखेकी छिन् । उनले लेखेका कवितामा स्वतन्त्रता, समानता, सामाजिक न्याय एवम् मानवीय गरिमाप्रति गम्भीर सरोकार व्यक्त भएको छ । यस सङ्ग्रहभित्रका कविताले हामीलाई उज्यालोका निम्ति सङ्घर्ष गर्न प्रेरित गर्छन् । कवयत्रीको हृदय भावुक छ । उनका केही कविताहरू समय सान्दर्भिक र वलवान् देखिन्छन् । साँच्चै भन्ने हो भने उनीद्वारा लेखिएका कविताहरूको भाषा सरल छ । सरल कविताहरू पढ्नमा जति सजिलो हुन्छ त्यसैगरी बुझ्न समेत कठिनाइ पर्दैन भन्ने भनाई पाठक वर्गको देखिन आउँछ । अन्त्यमा उनका कवितासङ्ग्रह थपिदै जाउन् ।

पुस्तक: सात समुद्रपारिबाट
विधा: कविता, लेखक: गोमा राना
२०८१ वैशाख, प्रकाशक: सुनिल राना
पुस्तक सर्वत्र उपलब्ध छ ।

# गुञ्जन पुरस्कार लेकालीलाई



गुञ्जन (नारी साहित्यिक संस्था)ले साहित्यकार राधेश्याम लेकालीलाई 'गुन्जन साहित्य पुरस्कार २०८०'बाट सम्मानित गरेको छ । गुन्जनकी अध्यक्ष साहित्यकार जलेश्वरी श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रममा प्रमुख अतिथि साहित्यकार एल बी क्षेत्री, वरिष्ठ कवि द्वारिका श्रेष्ठ र वरिष्ठ सर्जक नरेन्द्रबहादुर श्रेष्ठले सो सम्मान प्रदान गर्नु भएको हो ।

कार्यक्रममा प्रमुख अतिथि साहित्यकार एल बी क्षेत्री, संस्थाकी महासचिव सुस्मिता नेपालले नारीवाद विषयमा आ-आफ्नो धारणा राख्नु भएको थियो ।

# शुकुन ज्ञवालीलाई व्यथित काव्य सम्मान

साहित्यिक पत्रकार सङ्घले कवि शुकुन ज्ञवालीलाई ***व्यथित काव्य डायस्पोरा सम्मान*** २०८० प्रदान गरेको छ । कार्यक्रमको आयोजना संघका अध्यक्ष साहित्यकार राधेश्याम लेकालीको सभापतित्व र वरिष्ठ आख्यानकार माया ठकुरीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । समालोचक प्रमोद प्रधानले सम्मानित स्रष्टा शुकुन ज्ञवालीको परिचय राख्दै व्यथित काव्य पुरस्कार र साहित्यिक पत्रकार संघको बारे चर्चा गर्नु भएको थियो ।

कार्यक्रममा समालोचक प्रा. डा. लक्ष्मणप्रसाद गौतम, नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष कवि रामकाजी कोने, नेपाल स्रष्टा समाजका अध्यक्ष वरिष्ठ निबन्धकार श्रीओम श्रेष्ठ 'रोदन', शिक्षाविद् मीना सिंह खड्का, कलाकार मदनदास श्रेष्ठ र इतिहासविद प्रा. डा. सुरेन्द्र के.सी.ले आआफ्नो मन्तव्य राख्नु भयो भने चर्चित गायक शिशिर योगीले गीत गाउनु भएको थियो । प्रमुख अतिथि माया ठकुरी, अध्यक्ष राधेश्याम लेकाली, सम्मानित स्रष्टा शकुन ज्ञवालीले पनि आ-आफ्नो मन्तव्य राख्नु भएको थियो ।




कवि शकुन ज्ञवाली अमेरिकामा बसेर लामो समयदेखि सिर्जना-कर्म गरिरहनु भएको छ । उहाँको साहित्यिक यात्राको बक्ताहरूले उल्लेख गर्दै निरन्तर साधनाको कामना गरेका थिए ।

त्यसैगरी वरिष्ठ समालोचक प्रा. डा. लक्ष्मणप्रसाद गौतमले कवि शकुन ज्ञवालीको लेखनमा पृथक धार र नवीनशैली रहेको बताउनु भयो । कार्यक्रममा नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष कवि रामकाजी कोनेले शुभकामना मन्तव्य राख्दै- एक सक्रिय मुक्तककार शकुनजी सम्मानित हुँदा आफुलाई खुसी लागेको बताउनु भयो । यसैगरी कार्यक्रममा वरिष्ठ कलाकार मदनदास श्रेष्ठ र प्रा. डा. सुरेन्द्र के. सी. लगायतले शुभकामना मन्तव्य राख्नुभएको सो कार्यक्रममा प्रमुख अतिथि माया ठकुरीले शकुन ज्ञवालीलाई सिर्जनात्मक यात्राका लागि आशीर्वाद प्रदान गर्नु भएको थियो । कार्यक्रममा समालोचक प्रा. डा. गोविन्दमानसिंह कार्की, आख्यानकार हिरण्यकुमारी पाठक, गीतकार एवं समाजसेवी शोभित उप्रेती, नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ रोदन, शिक्षाविद्, गोपाल विश्वकर्मा, चर्चित सर्जक नन्दकृष्ण जोशी, साहित्यकारहरू प्रा. डा. गोविन्दमान सिंह कार्की, विमल भौकाजी, जयदेव भट्टराई, माधव ज्ञवाली, रामप्रसाद पन्त, सुमन वर्षा, भगवती बस्नेत, राजेश खनाल, प्रद्युम्न जोशी, रन्जना निरौला, डा. शान्तिमाया गिरी, ज्ञाननिष्ठ ज्ञवाली, श्रीबाबु कार्की, रमेश दाहाल, दिव्य गिरी, सविता श्रेष्ठ बेहोसी, कल्पना खरेल, देवेन्द्र के. सी., राज रजक, शोभा खतिवडा, बुलु मुकारूङ, अनुष्का सापकोटा, आज्ञा सापकोटा लगायतको उपस्थिति थियो ।

अमेरिकाबाट आउनु भएका विमल सापकोटा र तृष्णा कुँवरलाई स्वागत सम्मान गरिको थियो भने कार्यक्रमको सहजीकरण कवि यादव भट्टराईले गर्नु भएको थियो ।

२०४० सालमा स्थापना गरिएको व्यथित काव्य पुरस्कार नेपाली साहित्य जगतका प्रतिभाशाली कविलाई साहित्यिक पत्रकार सङ्घबाट प्रदान गर्ने गरिन्छ । यस पुरस्कारबाट कविहरू दिनेश अधिकारी, जीवन आचार्य, घनश्याम कँडेल, मेघराज मन्जुल, उषा शेरचन, गणेश विषम, तोया गुरूङ, प्रमोद प्रधान, पूर्ण विराम, विजय बजिमय, मन्जु काँचुली, नरेन्द्रबहादुर श्रेष्ठ, कुन्ता शर्मा र बुँद रानालगायत कविहरू सम्मानित भइसकेका छन् । त्यस्तै अन्य सम्मानित हुनेहरूमा नवराज कार्की, विश्वविमोहन श्रेष्ठ, कृष्ण बाउसे, दुबसु क्षेत्री, महेश प्रसाई, मोहन दुवाल, कृष्ण जोशी, डा. राममान तृषित, विमल निभा, नरेश शाक्य, मधुसूदन गिरी, अनिलकुमार अनल, वसन्त श्रेष्ठ, ज्ञानेन्द्र गदाल, बाबा बस्नेत, राजेन्द्र शलभ, धीरेन्द्र प्रेमर्षि, शशी थापा, डा. दामोदर पुडासैनी, सन्ध्या पहाडी, शेखर ढुङ्गेल, उदय निरौला, श्रवण मुकारूङ, रमेश श्रेष्ठ, कृसु क्षेत्री, मोमिला जोशी र गीता कार्की रहेका छन् । 'व्यथित काव्य डायस्पोरा सम्मान' बाट कविहरू हेमन्त श्रेष्ठ (अमेरिका), गोवर्धन पूजा (अमेरिका), भीमसेन सापकोटा (अस्ट्रेलिया), प्रकाश पौडेल माइला (जापान), जगत नवोदित (बेलायत) खेमनाथ दाहाल (अमेरिका) सम्मानित भइसकेका छन् ।






सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## अदालतमाथि प्रश्न

कमजोरका लागि प्रहरी प्रशासनले विश्वास गुमाएको लामो समय भइसक्यो । तैपनि मान्छेहरू प्रहरी गुहार्छन् । न्याय पाइन्न भन्ठान्छन् । यसको मूलकारण प्रहरी प्रशासनमा राजनीतिकरण भएर हो । प्रहरीजस्तो दिनुहँ जनतासँग सहकार्यमा रहनुपर्ने प्रहरीमाथि जनविश्वास कसरी बढाउने, यो चिन्ता सबैभन्दा बढी प्रहरीले र प्रहरीलाई दुरूपयोग गर्ने राज्यले सोच्नुपर्ने हो । प्रहरीमाथिको विश्वास घट्नु भनेको शासन प्रशासनमा अराजकता फैलिनु हो, यो अराजकतालाई रोक्न नसक्दा सुशासन हुनसक्दैन । सुशासन नहुनु भनेको जनताका नजरमा लोकतन्त्रप्रति अनास्था फैलिनु हो । जसरी पञ्चायत ढल्यो, बहुदल चलेन, जनयुद्ध भयो र जनआन्दोलनमा जनता घरघरबाट निस्केर बिद्रोह गर्न पुगे । त्यही जनबिद्रोहको उपर्जान हो लोकतन्त्र । लोकतन्त्र बालिग भइसक्यो । बालिग हुँदा पनि लोकतन्त्रलाई लोकले जीवनपद्धति बनाएको देखिदैन । लोकतन्त्रलाई जनताले अपनत्व ग्रहण नै गरेका छैनन् । संविधान असफल हुनु भनेकै लोकतन्त्र असफल हुनु हो । लोकतन्त्र असफल हुनु भनेकै यसका चालक, सञ्चालकहरूप्रति जनविश्वास घट्नु हो । जनविश्वास घट्नु भनेको जनआक्रोश बढ्नु हो । यतिबेला सडकमा जसरी नेताहरूप्रति जनताले आक्रोश पोखिरहेका छन्, यो सबै पद्धति र संविधानको सकियो भन्ने अर्थमा हेर्दा पनि हुन्छ । हरेक नेता बदनाम छन्, कुनैनेताप्रति जनताले भरोसा गर्दैनन्, कुनै नेताको अभिव्यक्तिलाई जनता सुन्नै चाहदैनन् । यसको अर्थ लोकतन्त्र लोकमय बन्न नसक्नु हो । अर्को परिवर्तनतिर जनताको आवाज उठ्न थालिसकेको छ । बेलैमा जनाक्रोशको बाँध बाँध्नतिर पार्टी र नेताहरू लाग्न सकेनन्, तिनले सफलता पाएनन् भने अर्को परिवर्तन हुने पक्का छ ।

अफगानिस्तानमा जे देखियो, त्यो नेतृत्वको कमजोरी र भ्रष्टचरित्र थियो । श्रीलंकामा जे देखियो, त्यो नेतृत्वप्रति जनताको विश्वास समाप्त हुनुथियो । बंगलादेशमा जेजस्ता घटना घटित हुनपुगे, त्यो जनताप्रति नेतृत्वले विश्वास गुमाउनु थियो । अन्ततः शक्ति भनेको जनता हो । जनता खुशी भएनन् र जनता बिद्रोहमा निस्किए भने दुई तिहाई बहुमतको पन केही नलाग्ने रहेछ । जनता रञ्जन, जनताको अपेक्षालाई राजनीतिले संवोधन गर्नैपर्ने रहेछ । जनताले नेता ठिक भएनन् भन्ने ठाने भने बिद्रोहमा लाग्नेरहेछन् ।

नेपालमा स्थिति ठ्याक्कै यस्तै छ । जनतामा नेता र पार्टीप्रति नाखुशपन ज्यादै बढेको छ । कुनै पनि नेताप्रति जनआस्था बाँकी छैन । यसको मूल कारण हरेक नेता कुनै न कुनै राष्ट्रघाती, जनघाती काममा मुछिनु हो । चोखो र भरलाग्दा नेता एकजना पनि जनताले देखेको अवस्था छैन । यद्यपि जनताको भरोसा न्यायालय र सेनाप्रति औधी रहेको छ । सेना अन्तिम बिकल्प हो, जनताले अदालत सक्षम हुने हो भने धेरै सुधार हुने अपेक्षा राखेका छन् । तर राजनीतिले अदालतमा सेटिङ मिलाउँदा, न्यायाधीश नियुक्तीमा राजनीतिक भागबण्डा मिलाउँदा न्यायालयको साख गिरेको छ । यति शंका हुँदा र कुनै कुनै मुद्दामा न्यायालयले उचित ध्यान दिन नसकेको भन्ने बुझ्दा पनि न्यायालयप्रति जनताको अविश्वास छैन । बिधिको शासनमा केही सुख्खा पहिरो गएजस्तो भएको हो, असाध्य भूक्षय भइसकेको छैन भन्ने आत्मविश्वास जनतामा बाँकी छ । अदालत छ, अदालतले न्याय दिनैपर्छ, अदालतमा भएका कमीकमजोरी सुधार गर्नैपर्छ । न्यायाधीश सक्षम हुनैपर्छ । नभए लोकतन्त्र बिधिबाट चल्न सक्दैन । अहिले जुन संशय छ, त्यो संशयमा अदालतले ध्यान दिएर न्यायालय भनेको मन्दिर हो भन्ने प्रमाणित गरौं । न्याय प्रशासनमा सुधार होस् । जनताले अन्तिम फैसला गर्न नपरोस्, अहिले यत्ति सोचौं ।

# चीनको नेपालनीति फेरिएकै हो त ?




चीनको नेपालनीति फेरिएकै हो त ? नेपाल भूराजनीतिको हावासँग बग्न, आफ्नो परम्परागत नीतिमा तलबितलमा पर्न थालेपछि र लोकतान्त्रिक पद्धतिका गुणहरू बिनष्ट पार्दै राजनीतिक अराजकता र अपराधिकरणमा रमाउन थालेपछि दक्षिणले आफ्नो पकड बलियो पार्ने, उत्तरले आफ्नो सुरक्षा चासोलगायतका बीआरआईका पहुँच बिस्तार गर्ने र पश्चिमाले सैनिक सुरक्षा सञ्जाल फैलाउन थालेपछि चीन नेपालनीतिमा चनाखो हुनु स्वभाविक थियो । चीनको साथ लागेर रूससमेत नेपालमा प्रभाव जमाउन अग्रसर भएको छ । चीनले दिएको बीआरआई अन्तर्गतका १३ र रूसले पठाएको १३ योजनामा सघाउने विषयमा नेपालको लोकतान्त्रिक शासक र संसदले निर्णय लिन नसकेको लामो समय भइसक्यो ।

भारत उदाउँदो शक्ति, चीन उदाइसकेको शक्तिको चेपोमा परेको नेपालले सन्तुलनको कूटनीतिक क्षमता देखाउन सकेको छैन । नेपालको शक्ति र क्षमताबृद्धिमा चीन, भारतले नसघाउनुको कारणले उनीहरूलाई नै क्षति बढी भइरहेको छ । नेपाल समुद्रको जहाजझैं ढलपलाउनुमा नेपाली नेतृत्वको असक्षमता नै प्रमुख कारण हो, यसमा शंका छैन । नेतृत्व इतिहासबाट शिक्षा लिन नसकेकै कारण नेपालको सुदूर भविष्य अन्धकारतिर धकेलिदो छ ।

२०१५ सालको निर्वाचनमा १०९ सिटमा ७४ सिट जितेर दुई तिहाइको सरकार प्रमुख बनेका वीपी कोइराला सक्षम नेता थिए । त्यो कालखण्डमा नेपालका सीमा क्षेत्रमा खम्पाहरूको चीनविरोधी गतिविधि बढ्न थालेको थियो । व्यापक रूपमा तिबेतियन शरणार्थीहरू नेपाल पस्न थालेका थिए । मुस्ताङ लगायतका नेपाल चीन सीमा क्षेत्रमा चिनियाँ सैनिक गतिविधि बढ्दै गएको थियो । एक्कासी करेण्टको झट्का लाग्ने खबर आयो- चिनियाँ सेनाले बमप्रसाद लगायतका ३ जना नेपालीलाई मारिदियो ।

प्रधानमन्त्री वीपी कोइरालाले चीनको दिल्ली दूतावासमार्फत चीनसँग आपत्ति जनाउँदै चीनले माफी माग्नुपर्छ, नेपाललाई क्षतिपूर्तिसमेत दिनुपर्छ, आगामी दिनमा यस्ता घटना हुनुहुन्न भन्ने खबर चीनका प्रधानमन्त्रीलाई पठाए । चीनका राष्ट्रपति र सरकारका तर्फबाट कुनै प्रतिकार गरिएन । चीनले बिना आनाकानी भूल स्वीकार गर्‍यो, नेपालसँग माफी माँगियो र ५० हजार क्षतिपूर्ति दिने मञ्जुरी सूचना पठायो ।

त्यति नै बेला चीनका बरिष्ठ नेता चाउ एनलाइको अभिव्यक्ति आयो- नेपालसँग रगतको सम्बन्ध छ ।

५७ वर्षपछि अर्थात् (सन २०१७ मा) कञ्चनपुरको नेपाली सीमामा भारतीय सैनिकले गौतम गोविन्दलाई मारिदियो । नेपालले कुनै आपत्ति जनाएन । किन मारेको भनेर प्रश्नसमेत गरेन । गौतम गोविन्दलाई सहिद घोषणा गरियो । ७२ वर्षका बाबुले नेपाली सीमा मिचियो भन्दा भारतीय सुरक्षाकर्मीद्वाा मारिएका युवा छोराको सद्गत गर्नुपर्‍यो र लोकतान्त्रिक सरकार क्षतिपूर्ति दिएर भारतीय ज्यानमारा प्रवृत्तिको ढाल बनेर खडा हुनपुग्यो । भारतको स्वतन्त्रता संग्राममा नेपालीले रगतमात्र बगाएनन्, ज्यान पनि लगाए । तर भारतले आजसम्म नेपालसँग रगतको सम्बन्ध छ भनेन, रगत बगाइरहेको छ । नेपालसँग रोटीबेटीको विशिष्ट सम्बन्ध छ भन्ने भारत नेपाली भूगोल र ज्यान लिइरहेको छ ।

भारतले नेपालमाथि डरलाग्दो हस्तक्षेप गरेर सैनिक मार्च गर्नसक्ने अवस्था विकसित हुनथाल्यो । वीपीको शासनकालमा कानुन व्यवस्था लथालिङ्ग हुनथालेपछि राजाले देश बचाउने निर्णय लिनुपरेको थियो । धेरै नपढेका तर कूटनीतिक र राजनीतिका होनहार खेलाडी राजा महेन्द्रले चीनलाई यसको संकेत पठाएपछि चीनको प्रतिक्रिया स्वरूप चीनले त्यतिबेला भनेको थियो- 'यदि कुनै विदेशीले नेपालमाथि हमला गर्छ भने त्यो चीनमाथि हमला गरेको सम्झिइने छ, चीन सँधै सार्वभौमसत्ता सम्पन्न नेपालको पक्षमा उभिने छ ।'

भन्ने प्रतिकृया आएको थियो । यो चिनियाँ प्रतिकृयाले भारतको संसदको



तापक्रमसमेत बढायो । चाउएनलाईको प्रतिक्रियापछि नेपाली भूमिमा परेड खेल्न उठिसकेको भारतको सैनिक पाइला सैनिक पोष्टमा सिमित हुनपुग्यो र चीनको खबरदारीप्रति भारतीय संसदमा ठूलो हंगामा सहितको बहसको मुख्य विषय बन्यो ।

चीनले त्यसपछि निरन्तर आकारमा सानो भए पनि नेपालको स्वतन्त्रता र नेपाली जनताको पक्षमा उभिएर नेपाललाई समर्थन गर्दै आएको छ । चीनको त्यही समर्थनको बलमा राजा महेन्द्रको निर्देशन पाएर तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि बिष्टले २००८ सालदेखि २०२७ सालसम्म नेपालको पूर्वी ओलाङचुङगोलादेखि सुदूर पश्चिमको टिङ्करसम्म तैनाथ भारतीय चेकपोष्टलाई हटाउने निर्णय गरे, हटाइदिए । सुरक्षाविद केसरबहादुरको शब्दमा 'चीनसँगको सीमामा भारतीय फौजी स्टेशन थियो, भारतीय फौजको चेकपोष्ट हटाइदिनुभो, नेपालको सीमामा नेपाली फौज बस्नुपर्छ भन्ने मान्यता स्थापित गर्ने देशभक्त हुन कीर्तिनिधि बिष्ट ।' बिष्टले जे गरे, राजा महेन्द्रको नेतृत्व र निर्देशनमा गरेका थिए ।

वर्तमान कालखण्डमा भारतले ६४ हजार हेक्टर भूमि अतिक्रमण गरेको छ, लिपुलेक र कालापानीमा भारतीय सैनिक बसेका छन् । केभी राजनजस्ता भारतीय नेपालविदहरू प्रमाण भए ल्याउ हामी छाडिदिन्छौं भनेर नेपाललाई ललकारिरहेका थिए, वर्तमान विदेशमन्त्री एस जयशंकरले भूगोल फेरिन्न, भारतले नेपाली भूमि अतिक्रमण गरेको छैन भनेर सफेद झूठ बोलिरहेका छन् ।

नेपाली राजनीतिक पार्टी, नेता, विज्ञ, बुद्धिजीवी र नागरिक समाजका अगुवाहरू बोल्न सक्दैनन् । नेपाल मानसिक रूपमा मैन पग्लेझैं पग्लदै गएको छ । यसैलाई हामी लोकतन्त्र भनेर ताली बजाइरहेका छौं । यथार्थमा यो पराधीनतन्त्र बन्न पुगेको छ ।

महेन्द्र बितेको ३० वर्षपछि दरवार हत्याकाण्ड भयो । हत्याकाण्डको कारण राजा वीरेन्द्रले चीनबाट हातहतियार खरिद गर्नुथियो । भारतीयलाई नागरिकतामा बन्देज लगाउनु थियो । चीनलाई सार्कमा साझेदार बनाउनुपर्छ भनेर बंगलादेश शिखर सम्मेलनमा प्रस्ताव गर्नुथियो ।

चीनले वीरेन्द्र र त्यसपछिका राजा ज्ञानेन्द्रलाई साथ दिएन । चीनले नेपाल र राजालाई धोका दिएकै हो । भारतले चीनतिर ढल्कने भनेर राजाविरूद्ध आगो बन्दै राजतन्त्रबिरोधी वातावरण सिर्जना गर्‍यो । जनयुद्धकारी प्रचण्ड र अन्य दलवीच १२ बुँदे दिल्ली सम्झौता गराइदियो र जनआन्दोलनमा मिसाइदियो । जसको परिणाम संसद पुनस्थापना, संविधानसभा र २०६५ साल जेठ १५ गतेको गणतन्त्र कार्यान्वयन हुनपुग्यो । प्रधानसेनापति रूकमांगद कटवाल कड्किदिएको भए अथवा चीनले चूप नबसिदिएको भए नेपाल आजको लोकतान्त्रिक साइनबोर्ड झुण्ड्याएको बर्बादी झेल्नुपर्ने बाध्यतामा पर्ने थिएन । यही भारतीय रिसको भेलमा हिन्दुराष्ट्र र राजसंस्था बग्यो । बली राजतन्त्र हिन्दुराष्ट्रको चढाइयो, महगो मूल्य नेपाल र नेपालीले चुकाउनु पर्‍यो । नेपाल अस्तित्वको संकटमा फस्यो । शायद नेपालको राजनीतिक परिवर्तनले चीनलाई लाभ हुन्छ भन्ने लागेको थियो चीनलाई । चीन भारतको दृश्य अदृश्य हस्तक्षेपको मतियार बन्यो । आर्थिक र सामरिक शक्तिराष्ट्र बन्ने विश्व म्याराथुनको प्रतिस्पर्धी चीनले यस्तो नचिताएको खतरा आउने विश्वास नै थिएन शायद । कतिपय युरोपियन राष्ट्रका राजदूतहरू भियना कन्भेन्सनबिपरित नेपालका प्रधानमन्त्रीलाई ओहदाको प्रमाणपत्र बुझाउन्नौ भनेर फर्केको समयमा चीनका राजदूत चेंग सियालिंगले तत्कालीन प्रम गिरिजाप्रसाद कोइरालासमक्ष ओहदाको प्रमाणपत्र पेश गरेर राजतन्त्रको अन्त्य चीनलाई मान्य छ भन्ने सन्देश दिए । चीनका राजदूतले 'पिपुल भर्डिक' नै चीनको नीति हो भनेर स्वभाविकता दर्शाए । त्यसपछि चीनबाट आएका उच्चस्तरीय प्रतिनिधिमण्डलहरूले पनि नेपाली पिपुलको भर्डिकलाई निरन्तर सम्मान दिंदै गए । पश्चिमा इसाइ समाजले धर्मनिरपेक्षताका लागि डलरको खोलो बगाइदिए, चीनको यूटर्न डिप्लोमेसीले राजतन्त्र हटाउने मिसाइलको काम गर्‍यो ।

आश्चर्य छ, बेइजिंगको ग्रेट हलबाट राजा महेन्द्र र माओत्सेतुंगको ठूलो फोटो आज पनि नेपाल चीन सम्बन्धको साक्षी बकिरहेको छ । स्मरणीय के पनि छ भने मुनाफा र अनुकूलता खोज्दै हिंडेको चीनले सिक्किम बिलयलाई ३१ वर्षपछि स्वीकारेर भारतसँग नाथुला नाका खोल्यो र पाकिस्तानको ग्वादरबाट एसियादेखि विश्वसमुदायसँग सम्पर्क गर्न 'विश्वकै ठूलो मेगा प्रोजेक्ट' सडकमार्ग सम्पन्न गर्न अग्रसर भयो । ऐतिहासिक सिल्करोडजस्तै बीआरआई कनेक्टिभिटी योजना अघि बढायो । चीनप्रति नकारात्मक धारणा नबनोस् भनेर चीनका तत्कालीन राजदूत चेङ सियालिङदेखि वर्तमान राजदूत चेन सोङसम्मले 'नेपाली जनताले कुनै समस्या र दुःखको सामना गर्नु परेमा त्यो चीनको आफ्नै दुःख र समस्या हुनेछ, जब नेपाली जनताले सार्वभौमिकता र भौगोलिक अखण्डता कायम राख्ने क्रममा कुनै कठिनाईको सामना गर्नेछन्, त्यतिबेला चीन नेपालको साथमा हुनेछ' भन्ने सन्देश दिइरहेका छन् । नेपाल चीन सम्बन्धको ७०औं उत्सव मनाउने क्रममा ५ वर्षअघि असोज २५ र २६ गते नेपाल भ्रमण गरेका चीनका महामहिम राष्ट्र सी चिनफिङले नेपाल अव भूजडित राष्ट्र बनाउन र नेपाललाई समृद्ध गराउन हामी सघाउँछौं भनेर गएका हुन् । नेपाल र चीन रणनीतिक साझेदार हुन् भन्ने सन्देशसमेत दिएका थिए राष्ट्रपति सीले । चीन बीआरआई नीति लिएर अघि बढेको छ, नेपाल चीनको त्यो नीतिको सन २०१७ देखिको समर्थक राष्ट्र हो । तर नेपालमा बीआरआई कार्यान्वयन भइसकेको छैन, कार्यान्वयन गरेको घोषणा गर्ने हिम्मत कुनै सरकारले देखाउन सकेन । नेपालले चीनसँग लिएको ऋण अनुदानमा परिणत गरिदिन गरेको आग्रहलाई समेत चीनले जवाफ दिएको छैन ।

बुझ्न नसकिने कुरा के हो भने अमेरिकी इण्डो प्यासिफिक रणनीतिमा नेपाल किन सामेल भयो ? चीनका राष्ट्रपति नेपाल आएको मौकामा अमेरिकी राजदूत ऱ्याण्डीबेरीले किन त्यो रणनीतिलाई पोलिसी भने । वर्तमान अमेरिकी राजदूत डीआर थोम्पसनले समेत अमेरिका नेपालको विकास साझेदार भनिरहेका छन् । एमसीसी स्ट्राटेजी र पोलिसी के हो ? संसदमा व्याख्यासहित पारित गरेर कार्यान्वयनमा गइसकेको एमसीसीबारे जनतालाई स्पष्ट पार्न संसद र सरकार सक्षम भएनन् । रूस युक्रेन युद्धमा युक्रेनको पक्ष लिएर नेपाल बिस्तारै असंलग्नताबाट पलायन हुँदै गएका छनक देखिए । नेपालले प्रष्ट राष्ट्रियनीतिमा सर्वदलीय सहमति नगर्ने हो भने यस्तो ढलपल नीतिले भूराजनीतिको अतिजोखिममा पर्दै जानेछ र अस्थिरताको डरलाग्दो भूमरीबाट अस्तित्व जोगाउने संकटमा पर्ने देखिन्छ ।

नेपाल पञ्चशील र असंलग्न पथमा छ कि छैन ? यो प्रश्न नेपालका सामु यक्ष खडा भएको यक्ष प्रश्न हो ।

हरेक पार्टी नेपाल र नेपाली पथमा हुनुपर्छ । ब्यवहारमा छैनन्, यही नै नेपालको ठूलो दुःख हो, परिवर्तनले थोपरेको सराप हो ।

नेपालमा छिमेकी र विश्वशक्तिको हस्तक्षेप बढ्दो छ, ती हस्तक्षेप र तिनको प्रतिस्पर्धाबाट नेपालले लाभ उठाउने ल्याकत देखाउन सकेको छैन । निश्चित रूपमा चीनको सरोकारसुरक्षासँग सम्बन्धित छ । सुरक्षाको सरोकार नेपालको पनि छ र भारतको पनि छ । नेपालले कूटनीतिक क्षमता देखाएर राष्ट्रलाई अग्रगमनतिर लैजाने अवसर पनि हो यो । तर शासन प्रशासन, नेता नीति सबै प्रतिकूल बन्दै गएका छन् ।

विगतका चाउएनलाई देखि वर्तमा सी चिनफिङसम्मको अभिव्यक्ति मिल्नु भनेको चीनले नेपालमा आफ्नो सुरक्षा सरोकारमात्र छ भनेर सूचित गरेको हो । चीनको नेपाल उपस्थिति पारदर्शीबाट प्रष्ट बन्दै जानु यसको प्रमाणिकता हो । सीमा अतिकमणदेखि जलस्रोत अतिकमणसम्म, राजनीतिक हस्तक्षेपदेखि सामाजिक जीवन नियन्त्रणसम्म हात हालिसकेको भारो अमेरिकालाई रोक्ने साहस र आँट वर्तमान नेपाली नेतृत्वले गुमाईसकेको अवस्थामा चीनको नेपाल हेराइ, बुझाइ र गराइ रणनीतिक देखिन्छ । भारतले स्यावास भनिदिए दङ्ग पर्ने 'कप्तान' प्रवृत्तिका दलहरूले समदूरीको परराष्ट्रनीति कसरी सञ्चालन गर्ने हुन्, यो विषय झन झन कठिन बन्दो छ । यही कठिनतालाई चिर्न चीनले नेपालको हिम्मत र प्रतिरक्षा ताकत बृद्धि गर्न गरिरहेको सहयोग अप्रर्याप्त छ । नेपाल चीनविरोधी किल्लाका रूपमा विकसित हुनुको कारण नै चीनले नेपाललाई अपर्याप्त सहयोग गर्नु हो । अपरमुस्ताङदेखि पोखरा र राजधानीमा राजनीतिदेखि कूटनीतिसम्म बढेको चीनविरोधी कृयाकलापबाट चीन सावधान छ, त्यो भय रोक्न नेपाली राजनीतिक इच्छाशक्ति चाहिन्छ, इच्छाशक्ति अजबुत पार्ने सामल र स्वराज भावनाको शक्ति नेपालको शासन, पद्धतिमा कमजोर हुँदो छ । चीनका विद्वान वाङ चुङले नेपालको राष्ट्रिय सुरक्षा र नेपाल चीन सम्बन्धमा नेपालको स्वतन्त्रताका लागि नेपालनीति स्थिर हुन जरूरी भनेका छन् । नेपालको राजतन्त्रको बिनासका बारेमा दक्षिण नै जिम्मेवार छ भन्ने खुलासा पनि चीन अध्ययन केन्द्रले प्रकाशित गरेको यही पुस्तकमा छ । अर्थात् नेपालका घटनाक्रमलाई चीनले चिलको आँखाले नियालीरहेको छ ।

आफ्नो सार्वभौमिकताको रक्षाका लागि नेपालले लिनुपर्ने नीतिका बारेमा लियो रोजको स्ट्राटेजी फर सर्भाइभल पुस्तकका विचार पनि सान्दर्भिक देखिन्छ । हुन पनि अपराध, भ्रष्टाचार र नाताबादको राजनीतिले लोकतन्त्र बदनाम भइरहेको र पूर्वराजा जनकपुर जाउन् कि झापा, मन्दिर जाउन् कि अस्पताल पुगुन्, जनताले जयजयकार गरेको आवाजको प्रतिध्वनी विश्वले सुनेको छ । नेपालमा राजतन्त्र लोकप्रिय छ भन्ने सबैलाई थाहा छ । तर राजाको धारणा छ- जनताले खोजे म यहीँ छु । कतै म यहीँ छु भन्दाभन्दै अबेर नहोस् ।

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# राजनीतिक परिस्थितिको पोष्टमार्टम



प्रा.डा. विश्व पौडेल

*सबै बुद्धिजीवी पार्टीका झोले हुँदैनन् । होनहार बुद्धिजीवी हुन् प्रा.डा. विश्व पौडेल जसले नेपाली राजनीतिको रौंचिरा विश्लेषण गरेका छन् । उनको विचार अनलाइन खबरमा पनि आएको छ । यो विश्लेषण सबैका लागि उपयोगी हुनेछ भन्ने आशा छ । व्य.*

क्रमस... *शिक्षा तथा उद्यमशीलतामा पछाडि पर्नुमा त्यो बेला युवाहरू खाली बनाउनु पनि एउटा कारण रहेछ ?*

बाहुन, क्षेत्रीहरू त्यो बेला 'इस्टर्न इन्डिया' तिर बढी गए । अरूहरू लडाइँमा गए । जंगबहादुरपछि सकेसम्म युद्धलाई टार्न खुब बल गरेको देखिन्छ ।

अरूसँग त युद्ध हुने कुरा थिएन, तिब्बतसँग युद्ध रोक्न खुब बल गरेको देखिन्छ । चन्द्रशमशेरको अन्तिम कालमा पनि तिब्बतसँगको युद्ध टारियो । युद्ध नभएपछि युवाहरू देशमा रहन थाले ।

*२००७ सालमा प्रजातन्त्र आएपछि २०३६ सालसम्मको नेपालको बसाइँसराइको प्रवृत्ति कस्तो हो ?*

२००८ सालको जनगणना अनुसार हाम्रो देशमा १० हजारभन्दा बढी जनसंख्या भएका जम्मा पाँचवटा शहरहरू मात्रै थिए । त्यसो हुँदा त्यसबेला हाम्रोमा धेरै जनसांख्यिक केन्द्रहरू थिएनन् । तर, मानिसहरू पहाडबाट तराईतिर सर्ने क्रम शुरू भइसकेको थियो ।

ताप्लेजुङ, पाँचथर लगायत जिल्लाबाट झापा, मोरङ आउने, सिन्धुली रामेछाप लगायतबाट जनकपुरमा आउने, प्युठानबाट दाङ, गुल्मी, पाल्पा, अर्घाखाँचीतिरबाट बुटवल, भैरहवा, बैतडी डडेलधुरा लगायतबाट कैलाली कञ्चनपुर झरेर आउने क्रम शुरू भएको थियो । तर, त्यो सुस्त थियो ।

त्यसबेला नेपालीको ठूलो आवतजावत चाहिं भारततिर भयो । २०२४ सालमा गाउँ फर्क अभियान शुरू भयो । त्यो मलाई जोक जस्तो लाग्छ । किनभने त्यसबेला शहर नै कति थिए, शहरमा मानिस नै कति थिए र गाउँफर्क अभियान चलाउनुपर्‍यो ?

माओबाट प्रभावित कमलराज रेग्मीलाई पञ्चायतमा ल्याइएको थियो । माओले गाउँमा मान्छे पठाएको भएर गाउँफर्क अभियान शुरू गरियो ।

वास्तवमा पञ्चायतमा नीति निर्माणमा बस्ने पनि बच्चा जस्ता थिए । गाउँफर्क शुरू भएको केही समयपछि मात्रै बल्ल काठमाडौंबाट पोखरा जोड्ने सडक बनेको हो । त्यही भएर २०३६ सालमा राविसे अन्त्य गर्दा विद्यार्थीहरू खुब खुसी भएका थिए । २००७ सालदेखि ०३६ सालसम्मको मूल प्रवृत्ति भनेको नेपालबाट भारततर्फ जाने नै हो । पूर्वमा पनि आसामतिर मानिस पुगे ।

*आसाम, बर्मा, थाइल्याण्डसम्मै नेपाली उनीहरू कहिले पुगे ?*

जंगबहादुरको पालामा नै धेरै नेपाली ती देश पुगेका हुन् । सबैभन्दा धेरै नेपाली त्यहीबेला गएका हुन् । बर्मालाई ब्रिटेनले कब्जा गरेपछि नेपाली त्यहाँ जान थालेका थिए, तर त्यस क्षेत्रमा रेल लाइन बन्न र चिया बगानहरू खुल्न थालेपछि नेपालीहरू ठूलो मात्रामा त्यता जान थाले ।

दार्जीलिङमा चियामा काम गर्न थालेपछि त्यस क्षेत्रमा सबैभन्दा अनुभवी नेपाली नै हो । चियाको विस्तार पूर्वतर्फ विस्तार हुँदै जाँदा अनुभवी कामदारका रूपमा नेपाली पनि विस्तारित हुँदै आए ।

*सिक्किम र भुटान पनि नेपालीभाषी मुलुक थिए । त्यहाँ चाहिं नेपालीहरू कहिलेदेखि जान थालेको देखिन्छ ?*

सिक्किम र भुटानसँगको नेपालको सम्बन्ध चाहिं निकै पुरानो र सौहार्दपूर्ण देखिन्छ । गोरखा राज्य हुँदा नै त्यस क्षेत्रमा बिर्ता दिएरै भुटानका गुम्बाहरू त्यहाँ राखिएको पाइन्छ । भुटानको 'टाइगर नेस्ट' मन्दिरमा नेवारी कलाकृति देखिन्छ । भुटानका राजालाई सम्मानका साथ धर्मराजा भन्ने चलन थियो । सिक्किम त नेपालसँगै जोडिएको कारणले भिन्न किसिमको सम्बन्ध भयो । काम तथा नेपालको पहाडी क्षेत्रमा खेती गर्ने तथा पशुपालन गर्ने जमिन सीमित हुँदै जाँदा नेपाली भारतको दार्जीलिङ, आसाम, बर्मालगायत मुलुकमा पुगेको देखिन्छ ।

*हामीले बसाइँसराइको कुरा गर्दा पहाडेहरूको कुरा धेरै गर्छौं । तर, तराईका अन्य जातजातिको बसाइँसराइको चर्चा त्यति धेरै हुँदैन । त्यहाँका मानिसहरूको बसाइँसराइको प्रवृत्तिबारे बताइदिनु न !*

तराईको जंगल फाँडेर काठ निर्यात गर्ने तथा बस्ती बसाउने क्रममा बिहारतिरका साहुहरू ल्याउने गरेको थियो । छपकैया फडानी गर्दा त्यसै गरिएको थियो । यहाँ बिर्सन नहुने कुरा के हो भने बिहार पहिलेदेखि नै हामीभन्दा धनी हो । पटनामा कोठीहरू पृथ्वीनारायण शाह आउनुभन्दा अघिदेखि नै थिए । त्यस हिसाबले पटना पहिल्यै 'कस्मोपोलिटन' हो । अफिम बेच्नुपर्‍यो भने नेपालबाट पटना लगेर त्यहाँबाट कोलकाता हुँदै चीन पुर्‍याइन्थ्यो ।

पहाड र भारतका बस्तीहरूको बीचमा नेपालको निकै घना जंगल थियो । टीकापुरबाट जनकपुर एउटा बाँदर जानुपर्‍यो भने भुइँ नछोई जान सक्छ भनेर 'जोक' गर्ने चलन थियो । त्यो घना जंगलमा जनावरहरू पनि मर्ने भएकाले त्यहाँ विषालु हावा फैलिएको हुन्थ्यो, जंगल पार गर्न खोज्ने बीचमै मर्नसक्ने अवस्था थियो ।

जंगल फडानी गरेर बेच्न थालेपछि नेपालले भारतका साहुजीहरूलाई पनि लिएर आयो, किनभने उनीहरूको पूँजी र श्रमिक दुवै हामीलाई चाहिएको थियो । बजार पनि भारतले दिइरहेको थियो । सन् १८५० तिर उनीहरूले रेलवे विस्तार गरिरहेका थिए । नेपालको सालको काठ बलियो हुने हुँदा उनीहरूले त्यो किनेर रेलवे बनाए । त्यसअघि बहादुर शाहका पालामा पनि उनीहरूले पानीजहाज बनाउन सालको काठ किन्ने प्रस्ताव गरेका थिए । राणाकालमा काठको व्यापारमा भारतका साहुहरू ल्याइयो, जसले आवादी गरे । राणाकालको अन्त्यसम्म पनि तराईमा धेरै 'स:मिल'हरू थिए ।

२०३६ साललाई बसाइँसराइको दृष्टिले एउटा कुइनेटोका रूपमा तपाईंले चित्रित गर्नुभएको छ । कारण के हो ?

२०३६ सालमा एउटा यस्तो घटना भयो, जसलाई धेरैले नोटिस गरेका छैनन् । एउटा- कोरियाली कम्पनी 'सम्भु कन्स्ट्रक्सन' भन्नेले एकैपटक १०० जना मान्छे विदेश लगेको थियो । साउदी अरेबियामा रोजगारीका लागि मानिसहरू पठाउन थालिएको थियो ।

त्यसबेलादेखि नै अरबी मुलुकमा कामदारको माग थियो । श्रीधर शमशेर, पूर्वआईजीपी रोमबहादुर थापा लगायतले २०३६-३७ सालतिर म्यानपावर एजेन्सीको काम गरिरहेका थिए । त्यहाँ उनीहरूले मान्छे पठाउन खोजेका थिए । तर, उनीहरूले त्यो गर्न सकेनन् ।

किनभने त्यसबेला पासपोर्ट खुला थिएन, मानिसहरूले सजिलै पासपोर्ट पाउँदैनथे । त्यसबेलाका म्यानपावर एजेन्सीको लक्ष्य नै महिनाको ५० जना लैजाने भन्ने हुन्थ्यो । एक जनासँग २ हजार रूपैयाँ कमिसन लिने भन्ने सूचना निस्कन्थ्यो । तर, पासपोर्टका कारण महिनाको ५० जना कामदार पनि उनीहरूले पठाउन सकेनन् ।

त्यसबेला पासपोर्ट खोलिदिएको भए पञ्चायत व्यवस्था त्यति छिटो नढल्न सक्थ्यो । पञ्चायतसँग नजिक भएका मानिसहरू धनी पनि हुन्थे । तर, त्यसो गरिएन । त्यसपछि नेपालमा आर्थिक संकट शुरू भयो ।

त्यसलाई सम्बोधन गर्न २०४२ सालमा 'स्ट्रक्चरल एड्जस्टमेन्ट' को कार्यक्रम शुरू गरिएको थियो । प्रजातन्त्र आइसकेपछि पासपोर्टलाई नागरिकको नैसर्गिक अधिकार बनाइयो । शुरूमा पासपोर्ट लिएकाहरू भकाभक शरणार्थी भएर जर्मनी लगायत मुलुकमा पुगे ।

किनभने पहिला लाहुरेको जीवनशैलीसँग मानिसहरू खुब प्रभावित थिए । मरेर जाने लाहुरेको चर्चै हुँदैनथ्यो, जो बाँचेर आयो, उसले राम्रा कपडा लगाउँथ्यो, घडी लगाएर क्यासेट बोकेर आउँथ्यो । गाउँकी राम्री केटीसँग बिहे गर्थ्यो । त्यो देखेका मानिसहरू पासपोर्ट पाउनेबित्तिकै विदेशतिर हान्निए ।

पचासको दशकको अन्त्यसम्म आइसकेपछि नेपालले दुई पक्षीय श्रम सम्झौता गरेरै विदेशमा जनशक्ति पठाउन शुरू गर्‍यो । त्यसपछि नेपालीहरू खहरे बगे जसरी विदेश जान थाले ।

*कतिपयले श्रमिकका रूपमा मानिसहरू विदेश गएकोलाई नराम्रो रूपमा लिने गरेका छन् । मानिसहरू नेपालमै बसेर काम गरेको राम्रो भन्छन् । यसलाई तपाईं के भन्नुहुन्छ ?*

हामी को हौं र कोही व्यक्तिलाई तँ यहाँ जा, यहाँ नजा भन्ने ? बरू हामीले श्रम सम्झौता गर्न सकेको छ कि छैन, त्यसको पालना गरेको छ, शोषण गरेको छैन र सुरक्षा के छ भन्ने विषयमा ध्यान दिनुपर्छ । विदेशमा गएर काम गर्नु नराम्रो होइन । पछिल्लो समय यस किसिमको व्यवस्थामा सुधार हुँदै गएको देखिन्छ ।

अहिले हरेक वर्ष एक लाख बढी विद्यार्थी पढ्न विदेश गइरहेका छन् । २०५७ सालपछि नेपालमा आउने विदेशी मुद्रा व्यापक बढेको छ । त्यसबेला १ अर्ब डलर विदेशी मुद्रा हामीसँग थियो, अहिले १५ अर्ब डलर पुगेको छ ।

त्यसो हुँदा असल शासकले कसरी सोच्नुपर्थ्यो भने नेपालीहरू विदेश जान्छन्, जान्छन् । न हिजो कसैले रोक्न सकेको थियो, न भोलि सक्छ । राम्रो अवसरका लागि स्वीसहरू पनि अमेरिकामा काम गर्छन् । त्यसो हुँदा अवसरका लागि विदेशिनेलाई रोक्न सकिन्न । बरू उनीहरूलाई राम्रो सीप र शिक्षा दिएर पठाउनुपर्छ भनेर सोच्नुपर्थ्यो । र, रेमिट्यान्सबाट आएको पैसालाई स्वास्थ्य र शिक्षामा लगानी गर्नुपर्थ्यो । त्यसरी मुलुकले आम्दानी गरेको पैसालाई भत्ता बाँड्न खर्च गरेका छौं ।

*नेपालीहरू कहाँकहाँ पुगेका छन् । कसरी बसेका छन् । र, बसाइँसराइका सन्दर्भमा नेपालको रणनीति के हुनुपर्छ ?*

यसलाई दुई दिशामा बाँडेर रणनीतिबारे सोचौं । एउटा पूर्वतर्फको छुट्टै रणनीति हुनसक्छ । भारत, भुटान, बंगलादेश, बर्मा, मलेसिया, थाइल्यान्ड, सिंगापुर, अस्ट्रेलिया र न्युजिल्यान्ड ।

यी सबै देशमा नेपाल छन् । भुटानमा जहाँ गए पनि नेपाली बोल्न सक्नुहुन्छ, सिक्किममा पनि त्यही हो । त्यसभन्दा पूर्व आसाम, बर्मा लगायत मुलुकमा नेपाली बोलिरहन सक्नुहुन्छ ।

म केही समयअघि गुवाहिटी जाँदा त्यहाँ जंगबहादुरको पालामा पुगेका मानिसका सन्तान भेटें । हामीले जुन नेपाली बोलिरहेका छौं, जुद्धको पालाभन्दा अघिका पुर्खाले यसरी बोल्दैनथे ।

हामीले त्यसबेला भाषाको मापदण्ड बनाएको हो । बाहिरका बोली फरक छ । उनीहरू हामीसँग छुट्टिएको धेरै समय भयो र उनीहरूमा त्यहाँ स्थानीय प्रभाव पनि परेको छ । मैथली लगायत अन्य भाषाको कुरा पनि यही हो । यी सबैलाई सम्बोधन गर्ने गरेर नेपालले भाषाको स्कुल बनाउन ध्यान दिनुपर्छ । भारत, भुटानदेखि न्यूजिल्यान्डसम्म त्यसो गर्नु आवश्यक छ । त्यसरी नेपाली भाषा प्रसार गर्न सकिन्छ । क्रमस...

# के यो गणतन्त्रको दुरूपयोग होइन



सुरेशकुमार पाण्डे

सबैलाई थाहा छ देशमा भ्रष्टाचार झाँगिदै गएकोछ ।देशभित्र आम सर्वसाधारणले जीउँन सकिराखेक छैनन् ।देशको आर्थिक स्तर खुस्किँदै गएकोछ । विकासमा पूर्णबिराम लागेको अबस्था छ । व्यापारीहरूमा कुनै नियम छैन,जसले जति लुट्न सक्छ लुटेकै हुन्छ । बजारको निर्धारित भाउमा कारोबार हुँदैन । बजार भाउ त हात्तीका देखाउँने दांत मात्र भएकाछन् ।भ्रष्टाचारिहरूलाई कावसङ्घर्ष गर्छन् ।

दिनौं सहकारी घोटालाहरू भएकाछन् । अनिमियता र अराजकता उस्तै छ ।सरकारले दोशीलाई छानविन गर्ने र सजाएको भागिदार बनाउँने प्रयास गर्दा जनताहरूले आन्दोलन गर्नु भनेको एक प्रकारले निन्दनिय बिषय पनि हो ।देशको लागि यो शुभ सङ्केत हुनसक्दैन ।

एकातिर सरतिर कुनै नेतालाई सरकारले छानविन गर्ने प्रयास गर्दा त्यसको बिरोधमा सडकमा नारा लगाउँछन् ।टाएर बाल्छन् यसरी जताबाट पनि सरकारी खजानामा भार पर्दै गएको छ । देशको बिकास भन्दा देशको विनाश गर्नेहरू देशभित्र बढी हुनथालेपछि देश कसरी जीवित रहनसक्छ ? यसबारेमा आम नागरिकले निदार खुम्चाएर सोंच्नु अहिलेको अबस्था हो ।

देशभित्र आएको 'बहुदलिय जनवाद' गणतन्त्रलाई नेता र उनिहरूका झोलेहरूले लगातार दुरपयोग गर्दै आएका छन् । अहिले देशले गणतन्त्रको लिवास लगाएको छ । आवरणमा गणतन्त्र छ । यो आवरणभित्र कति ठिक कति वेठिक कार्यहरू हुँदै आएकाछन् । कति उठ्नै पर्ने आवाजहरू पनि कुण्ठित भएकाछन् दमित भएकाछन । कयौं सामाजिक विभेदका मुद्धाहरू ड्राफमा चिसिएका छन ।

गणतन्त्रले सबैलाई आ आफ्नै ठाउँबाट आवाज उठाउन बोलने लेख्ने वाक स्वतन्त्र दिएको जस्तो गरेकै छ । जब कुनै नेता भ्रष्टाचारमा मुछिन्छ र प्रशासनले सजायको कठ्घरामा उभ्याइदिन्छ । देशभित्रको अवस्था भिन्दै हुनपुग्छ ।देशमा अराजकता फैलिन्छ सहर बजारमा सरकारको बिरूद्बमा नाराहरू घनकिन्छन् ।

अन्याय गर्नेलाई सहकारी घोटालामा सलङ्गन भएकाहरूलाई कानुनको कठ्खेरामा लगेर उसले गरेको अपराधको सजाय दिइन्छ भने देशमा भ्रष्टाचार न्यून् हुन्छ । किन जनताहरूले यति कुरा बुज्न पनि सक्दैनन् । अपराधीलाई सजाए दिनुपर्छ तर निर्दोशलाई फसाउँन पनि हुनेछैन् ।अपराधी भ्रष्टाचारी बलातकारी लगायतका देश र जनताका दुश्मनहरूलाई कार्वाई हुनैपर्छ ।

सबैले अपराधी, भ्राष्टाचारी, तस्कर कालो बजारी हुनुलाई गलत भन्छन् ।तर किन त्यसमा सलङ्गन भएकाहरूलाई कानुनको कठ्घरासम्म पुग्न दिंदैनन्?उनिहरूको यही व्यवहारले देशलाई भड्खालामा पुराएको छ । के कानुन नियम सम्विधान आम सर्वसाधारणहरूमा मात्र लागुहुन्छ ? अन्य शक्तिसालीहरू किन भग्न खोज्छन् ?आ आफ्नो पावर देखाएर जनतामा लुट मच्चाउँछन् ।

अचेल कुनै राजनीतिज्ञ मुछियो भने उसले आफ्नो गलती लुकाउँन पुन: जनतालाई सडकमा उतार्छ ।देशको समपती भुट्छन् । यस्तो अराजक प्रकारको गैर जिम्मेदार नेताहरू द्वारा देशको रक्षा हुनसक्दैन' भन्ने आम जिज्ञासा हो ।

कात्तिकको लाग्दै दुइ गते सहकारी घोटालाको आरोप लागेका रवी लामिछाने अब कानुनी फंदाबाट जोगिन सकिदैन भन्ने पक्कापक्की भएपछि आत्मासमपरण गर्ने नाटक गरे ।उन्ले आफुले आत्मसमपर्ण गर्दा देशभरीका आफ्ना कार्यक्रतालाई आन्दोलन गर्न आबहान पनि गरेका थिए । जनतालाई सडकमा आन्दोलित गरिएको त्यो आत्मसमर्पणले कस्तो संदेश पुग्यो र अब कस्तो नतिजा ल्याउला यसबारेमा उन्को पक्षमा सडकमा उत्रियका उनिसमर्थकहरूले प्रष्टै पारेका छन् ।

सहकारी घोटाला बारे उनिमाथि लागेको आरोप गत वर्षबाटै छलफल चलिरहेको थियो यो नयाँ मुद्धापनि होइन । जसलाई छानविन पछि आयोगले दोषि करार गर्यो र अहिले उनलाई गिरफ्तार गर्ने प्रशासनले योजना बनायो ।सहकारी घोटाला त भएकै छ उनले नगरेको भए उनि उम्किन्छन् गरेको भए समातिन्छन् । यस्तो कानुनी प्रावधान हुँदाहुदै जनतालाई सडकमा आन्दोलनमा झार्न कार्यक्रतालाई अह्राएर आफु पानी माथिको ओबानो हुने प्रयास होइन भन्न सकिदैन ।उन्को यो व्यवहारले सङ्घालाई बिस्वासको मझेरिमा सुरक्षित राखेको छ ।

सहकारीमा आम सर्वसाधारणको रकम खाइ नखाई उनिहरूले जम्मागरेको हिनामिन्हा गर्नु अपराध नै हो भन्ने जानकारी हुँदाहुँदै पनि उक्त अपराधीलाई जोगाउँने प्रयात्न गर्नुलाई केभन्ने ? आफै जिम्मेवार नागरिकहरूले मुल्यांकन गर्लान । उनीहरू यो अपराधमा सामिल भएपछि देशभित्र कस्तो व्यवस्था चाहान्छन् ? यदि राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवी लामिछाने निर्दोश छन् भने त उनि रिहा हुन्छन् उनलाई कसैले पनि जेलभित्र राख्न सक्दैन । यदि उनि साँच्चै दोषि छन् भने अहिले मुक्त भएपनि फेरी जेलमा जानबाट उनी बच्ने छैनन् ।

उनी साधारण जनता होइनन्, पार्टीका नेता हुन र गृहमन्त्रीको सिटमा पुगेका शक्तिसाली व्यक्ती मध्यका हुन् । उनि आफैले पासपोर्ट नागरिकतामा झुट बोलेका थिए, सहकारी घोटालामा संलग्न भएको तथ्य आयोगले पेश गरेको छ । तरउनको पक्षमा आन्दोलन चल्दैछ सडकमा नारा घन्किरहेका छन् ।के यो गणतन्त्रको उपहास होइन त? एउटा शक्तिसाली व्यक्तीले राजनीतिक शक्तिको दुरूपयोग गरेर आफुलाई सही र निर्दोष साबित गर्ने खेल खेल्न खोजेकोहो भन्न सकिन्छ ।

आम नागरिकले दबावमूलक निर्णय होइन एथेष्ट निर्णय हौस् दुधको दुध पानीको पानी चाहान्छन् । उनि दोषी छन् भने नियम अनुसार सजाय हुनुपर्छ । यदि उनिसँग अरू संलग्न छन् भनेपनि प्रमाणका आधारमा उचित कार्वाही हुनुपर्छ । देशमा नियम कानुन छ फेरी किन हामी नियमकानुनको बिश्वास नगरेर आन्दोलनमा हामफाल्ने ? सबैकाम कार्वाही सडकमा हुन्छ भने किन कानुन चाहियो ?

व्यवस्था राम्रो छैन, व्यवस्थापकहरू स्वयम सङ्घालु छन् यहीकारण हो, देशभित्र सधैं काटमार, हिंसा, अराजकता बाहेक शान्ति सुव्यवस्था जन्मिनेवाला छैन ।

सबै राजनीतिक पार्टीहरूले एउटाले आर्को पार्टीको कार्यकर्ता सँग लडाएर देशभित्र अराजकता सिर्जना गराए पछि देशको अबस्था कस्तो होला ? यस्तो गलत राजनीति खेलबाट देश र जनताको हित हुनेछैन । देशको नियम कानुनको रक्षा गर्ने देशलाई अखण्ड राख्ने नागरिकको कर्तव्य हो र त्यसबारेमा हामी सचेत हुनुपर्छ । कौवाले कान लग्यो भन्दै कौवाको पछि नलागेर आफ्नो कान छाम्नु सही हुनेछ ।

हाम्रो देशको राजनीतिक गतिबिधिले राजनीतिलाई बद्नाम बनाएको छ । यद्यपि राजनीति गर्नु गलत होइन बरू राजनीति नगरिनहुँने बिषय पनि हो । राजनीति गर्दै नगर्नेले पनि राजनीति गरेकै हुन्छन् । राजनीति गर्नेहरू देश र जनताको समस्यालाई केन्द्रमा राखेर राजनीति गर्नुपर्दछ । देशमा त्यस्तो चिन्तन् भन्दा व्याक्तिगत स्वार्थलाई केन्द्रमा राखेर राजनीति गर्दै आएको देखिन्छ । यसैको परिणाम आज भ्रष्टाचार फैलिंदै गयो । देश ऋणमा डुब्यो, नेताहरू देशलाई ऋणमा डुबाएर सङ्घीयतालाई जोगाउँदै आएकाछन् । देशमा सङ्घीयताको कसैलाई खांचो छ भने त्यो विदेशीलाई हुनसक्छ । सङ्घीयता देश र जनताको हितमा छैन ।

आज सरकार व्यवस्थाले आफ्नो पोल आफैले खोलेको छ । अपराधीहरूका अगाडी हाम्रो देशका शासन, प्रशासनको व्यवहार देख्दा संसारमा कस्तो संदेश गएको होला ? लगातार सरकार भित्र पुगेका व्याक्तिहरू नै भ्रष्टाचार र अपराधमा सलङ्गन भएका देखिन्छन् । नागरिकले निदार खुम्चाएर मुल्याङ्कन गरौं ।



# Honorable Prakash Man Singh Raut Chief Justice during the Second Inning of his life

(Part Two)

Congratulatory write-ups and his challenges plus more than 30 years of judicial field oriented professional practices




## Uttam Karmacharya

Professor Dr. Uttam Karmacharya ( Ph.D). Former Chairperson of Bhaktapur Civil Society and member of Judicial Coordination Committee of Bhaktapur Distrct Court / Adaalata


*I am very happy to reiterate that I got chance to publish entitled “Honorable Prakash Man Singh Raut, Chief Justice during the Second Inning of his life" As I knew him a senior Citizen of Nepal dated Tuesday 1st OCT 2024 in this Gorkha Express Weekly to express my advance congratulation for being nominated as the chief Justice of the Supreme Court of Nepal . This week, I am very glad to write-up this article as part two in continuation of the first one as a congratulatory write-up of his outstanding Judicial profile and his challenges plus more than 30 years of judicial field oriented professional practices.*



We are very fortunate to know that Chief Justice Prakash Man Singh Raut assumed office on Sunday as the new head of the judiciary ,The Supreme Court of Nepal .

Raut, who was appointed as the top court justice in August 2016, took over the charge of one of the three state organs after being appointed to the position by the right honorable President Ramchandra Paudel. The chief justice is the topmost position in the judicial service of Nepal . It is a big achievement for Raut, but the road ahead for him will be far from smooth, observers say.

The bar-bench tussle continues, and different tiers of courts await the recruitment of judges while the Supreme Court remains squeezed with workload. Raut's first challenge is to mend the relationship with the Nepal Bar Association (NBA) that was strained after the Judicial Council in September last year amended its regulations.

As per the amendment that came into effect on September 20, 2023, the chief registrar of the Supreme Court or the council secretary, if appointed a high court judge, would be ranked immediately below the chief judge of the high court.

The association has demanded the provision be revoked, describing it as regressive, biased, discriminatory, arbitrary, and unconstitutional and arguing that it contradicts the principles established by the Supreme Court's verdicts. It claims that the amended provision of the regulations unfairly demotes judges appointed from among lawyers, placing them below career judges in the hierarchy.

Its demand to scrap the amendment continues. Then, as a member of the council, Raut had consented to revisit the amendment. Also, he as a coordinator of the panel formed to find a meeting point on the matter had failed to resolve the dispute.

The differences between the bar and the bench escalated to the point that a full court concluded that Gopal Krishna Ghimire, the association's president, should face legal trial for criticizing the justice appointment amid lawyers' protest. A contempt of court case has been lodged against Ghimire for his remarks that financial dealings were involved in the justice appointments. But the top court deputy registrar, who filed the case, has announced withdrawal of the case.

Raut as judiciary's leader has a challenge to bridge the differences. Those who have worked with him say having led a lawyers' body in the past he understands how to handle the matter. “Once a chair of the Supreme Court Bar Association, he is now the chief of the judiciary. He understands the sensitivities of both the institutions. I believe he will be able to resolve the ongoing rift," Ananda Mohan Bhattarai, a former justice who was appointed in the top court together with Raut, told the Kathmandu Post.

Raut was the chairperson of the Supreme Court Bar during the second people's movement in 2006. His family had long been associated with the Nepali Congress.

Like Bhattarai, NBA office-bearers are also hopeful about the resolution of the year-long dispute. “We will find a way out through dialogue. Raut's former colleagues say as the judiciary has been heading in the right direction post Cholendra Shumsher Rana, he has the responsibility of keeping up the momentum and further increasing public faith in the judiciary. “As far as I know him, he is capable of doing so," said Bhattarai.

In over eight years in the judiciary, he hasn't been embroiled in any serious controversies and has a relatively fair image. However, not many view him as particularly competent in justice delivery and administration. “No doubt, he was a well known lawyer of his time . Currently, the top court is short of four justices after the recommendation of Nrip Dhwoj Niroula and Nitya Nanda Pandey as justices last week. Similarly, the high courts have 16 judges' positions vacant. As a chairperson of the council, it is Raut's responsibility to make timely and merit-based appointments. What kinds of people get appointed too will determine in which direction he takes the judiciary.

Lack of transparency and corruption remain big challenges in the top court. Several reports including the one prepared by the Supreme Court Bar when Raut himself was its chair have pointed to irregularities in the judiciary. “Of late, transparency and accountability have improved but a lot more still needs to be done.

Raut, the senior-most justice of the Supreme Court, was recommended for the role by the Constitutional Council on September 16. Justice Prakash Man Singh Raut, was born in 31st March 1961 in Udayapur, Nepal. He was appointment as a Supreme Court Justice on 1st August 2016 by the President of Nepal. Justice Raut holds Bachelor Degree in Law from Nepal Law Campus, Tribhuvan University, Nepal. From 1983 to 2016, he worked as an advocate and senior advocate in the Supreme Court of Nepal. His expertise as an advocate and senior advocate was especially in civil, criminal, constitutional cases and writs. Furthermore, he served as a legal advisor in various public corporations and private institutions. He had also worked as a coordinator of the Constitutional Committee in Nepal Bar Association. In 2006, he became the president of the Supreme Court Bar Association.

It is noteworthy to recall my membership in the Judicial coordination committee of Bhaktapur District Judiciary around three years back. I got opportunity to be a member of that the Judicial coordination Committee two terms for eigght years as a representation of Bhaktapur Civil Society with the recommendation and initiation of Senior advocate Respectable Mr. Baabu Rajaa Joshi . It was my good time to know about the judicial process of the Bhaktapur District and problems and prospects of the district court. District Judicial coordination Committee was composed of all the Judges and CDO, SP and some of the selected other district officers.

